# बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका, २०७८

नेपाल सरकार
सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरबार, काठमाण्डौ
२०७८

परिच्छेद १

## परिचय

### १. पृष्ठभूमि

बालमैत्री स्थानीय शासन स्थानीय तहमा बाल अधिकार सुनिश्चित गर्न ल्याइएको शासकीय अवधारणा हो। यस अवधारणामा बाल अधिकारका चार पक्ष बाल बचाउ, बाल संरक्षण, बाल विकास र बाल सहभागितालाई मुख्य आधारको रुपमा लिइएको छ। नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, बालबालिका सम्बन्धी ऐन, २०७५, बाल अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि (CRC), १९८९, पन्ध्रौं योजना लगायतका कानून, नीति तथा कार्यक्रमहरूमा बाल अधिकारको समग्र पक्षलाई सम्बोधन गर्न विभिन्न व्यवस्था गरिएको छ। स्थानीय सरकार सञ्चालन ऐन ०७४ बमोजिम बालमैत्री स्थानीय शासन प्रवर्द्धन गरी बालमैत्री वडा घोषणा गर्ने जिम्मेवारी गाउँ/नगरपालिकाको वडालाई दिएको छ। उक्त ऐन अनुसार गरी गाउँ /नगरपालिकाले बालमैत्री स्थानीय तह घोषणा गर्ने जिम्मेवारी पूरा गर्नुपर्ने हुन्छ।

वि.सं. २०६५ देखि साविकका केही नगरपालिका र गाउँ विकास समितिहरूले बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रमहरू सञ्चालन गरेको पाईन्छ। स्थानीय निकायको आफ्नै प्रयासमा भएका त्यस्ता कार्यक्रमहरूबीच एकरुपता ल्याउन, सामञ्जस्यता कायम गर्न र स्थानीय शासन प्रक्रियामा बालबालिकाहरूको अधिकार सम्बन्धी सवाललाई मूलप्रवाहीकरण गर्दै बालमैत्री स्थानीय शासनको संस्थागत विकास गर्न बालमैत्री स्थानीय शासनः राष्ट्रिय रणनीति, २०६८ तथा बालमैत्री स्थानीय शासन कार्यान्वयन कार्यविधि, २०६८ कार्यान्वयनमा ल्याइएको थियो। उक्त रणनीति बमोजिम साबिकका स्थानीय निकायको समन्वय र सहकार्यमा बाल अधिकार प्रवर्द्धनको लागि बालक्लव तथा बालसञ्जालको गठन, परिचालन, क्षमता विकास, स्थानीय तहको योजना तर्जुमामा सहभागिता, बालमैत्री पूर्वाधारको विकास एवम् सचेतीकरण जस्ता कामहरू भएका छन्। बाल अधिकारलाई सुनिश्चित गर्ने सन्दर्भमा नेपालको संविधान, स्थानीय सरकार सञ्चालन ऐन, २०७४, मुलुकी देवानी संहिता ऐन, २०७४, बालबालिका सम्बन्धी ऐन, २०७५, बालश्रम (निषेध र नियमित गर्ने) ऐन, २०५६ तथा बालबालिका सम्वन्धी राष्ट्रिय नीति, २०६९ जस्ता कानूनी व्यवस्था गरिएको छ।

वि.सं २०६८ को जनगणना अनुसार नेपालको जनसंख्या २ करोड ६४ लाख ९४ हजार ५०४ रहेको छ (केन्द्रीय तथ्याङ्क विभाग, २०६८)। यसमा करिब ४४.४ प्रतिशत १८ वर्ष मुनिका र ३९.८ प्रतिशत १६ वर्ष मुनिका बालबालिकाको संख्या रहेका छ। नवजात शिशु मृत्युदर (प्रति हजार जीवित जन्ममा) २१, शिशु मृत्युदर (प्रति हजार जीवित जन्ममा) २६ र बाल मृत्युदर (पाँच वर्ष मुनि) प्रति हजार जीवित जन्ममा ३९ रहेको छ तथा आधारभूत तहको खुद भर्ना दर

सबै प्रदेशमा ९५ प्रतिशत भन्दा माथि रहेको छ (आर्थिक सर्वेक्षण, २०७६)। हालसम्मका प्रयास र प्राप्त नतिजाहरूलाई निरन्तरता दिंदै यसको विकास र विस्तारका लागि थप प्रयास गर्नुपर्ने देखिन्छ।

राज्यको पुनःसंरचनासँगै प्रदेश सरकार तथा स्थानीय तहको संबैधानिक जिम्मेवारी र नेपाल सरकारको समृद्ध नेपाल, सुखी नेपालीको अभियान पुरा गर्न पन्ध्रौ योजनामा राखिएको दूरदृष्टि तथा दिगो विकास लक्ष्य हासिल गर्न सहयोग पुग्ने गरी यो **बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका,** २०७८ कार्यान्वयनमा ल्याईएको छ।

## २. परिभाषाः

विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा :

(क) "प्रदेश सम्पर्क मन्त्रालय" भन्नाले स्थानीय तहको सम्पर्क मन्त्रालयको रुपमा काम गर्ने प्रदेश मन्त्रालयलाई बुझाउँछ।

(ख) "बाल क्लब" भन्नाले बाल समूह, बाल क्लब, बाल मञ्च लगायतका बालबालिकाका समूह तथा तिनका सञ्जालहरू समेत सम्झनुपर्दछ।

(ग) "बालबालिका" भन्नाले १८ वर्ष उमेर ननाघेका व्यक्तिलाई सम्झनुपर्दछ।

(घ) "बालमैत्री कार्यक्रम" भन्नाले बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिकामा आधारित भै बाल अधिकार प्रवर्द्धन गर्न सरकारी, गैर सरकारी, निजी, सहकारी तथा सामुदायिक क्षेत्र र यी साझेदारीमा सञ्चालन हुने कार्यक्रमहरू सम्झनुपर्दछ।

(ङ) "बालमैत्री वडा" भन्नाले यस निर्देशिका बमोजिम सूचक पुरा गरी घोषणा गरिएको वडालाई सम्झनुपर्दछ।

(च) "बालमैत्री स्थानीय तह" भन्नाले यस निर्देशिका बमोजिम सूचक पूरा गरी घोषणा गरिएको गाउँपालिका र नगरपालिकालाई सम्झनुपर्दछ।

(छ) "बालमैत्री स्थानीय शासन" भन्नाले गैरविभेदीकरण, बालबालिकाको सर्वोत्तम हित, सर्वाङ्गीण विकास र अर्थपूर्ण सहभागिताको सिद्धान्तमा आधारित भई बाल बचाउ, बाल संरक्षण, बाल विकास र अर्थपूर्ण बाल सहभागिता जस्ता बाल अधिकारका सवाललाई स्थानीय तहको नीति, योजना, संरचना र कार्य प्रक्रियामा संस्थागत गर्ने शासकीय पद्धतिलाई सम्झनुपर्दछ।

(ज) "विकास साझेदार" भन्नाले द्विपक्षीय दातृ राष्ट्र तथा द्विपक्षीय एवम् बहुपक्षीय दातृ निकायहरू र संयुक्त राष्ट्रसङ्घीय निकायहरूलाई सम्झनुपर्दछ। साथै सो शब्दले विश्वव्यापी कोष समेतलाई जनाउनेछ।

(झ) "स्थानीय तह" भन्नाले गाउँपालिका र नगरपालिका र तिनका वडा समेतलाई सम्झनु पर्छ। नगरपालिका भन्ने शब्दले महानगरपालिका र उपमहानगरपालिका समेतलाई जनाउनेछ।

(ञ) "सङ्घीय सम्पर्क मन्त्रालय" भन्नाले स्थानीय तहको सम्पर्क मन्त्रालयको रुपमा काम गर्ने सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई जनाउनेछ।

## ३. बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिकाको औचित्य

स्थानीय तहको नीति, कार्यक्रम, सेवा प्रवाह र संरचनालाई बालमैत्री बनाई बाल अधिकार सुनिश्चित भएको स्थानीय तह निर्माणमा सहयोग पुऱ्याउन यो कार्यान्वयन निर्देशिका तर्जुमा गरिएको छ। शासकीय प्रणाली र सेवा प्रवाहमा बालबालिकाका सवालहरूलाई सम्बोधन हुने गरी स्थानीय तहमा सञ्चालन हुने कार्यक्रमहरूबीच एकरुपता ल्याउन र सामञ्जस्यता कायम गर्न तर्जुमा गरिएको यस कार्यान्वयन निर्देशिकाको औचित्य देहाय बमोजिम रहेको छः

(१) स्थानीय तहको आवधिक तथा वार्षिक विकास योजना र कार्यक्रममा बालबालिकाका आवश्यकता र सवाललाई प्राथमिकता दिन,

(२) सङ्घ,प्रदेश र स्थानीय तहका बालबालिका सम्बन्धी नीति र कार्यक्रमबीच सामञ्जस्यता कायम गर्न।

(३) स्थानीय तहमा निर्माण हुने पूर्वाधार संरचनालाई बालबालिकाको सुविधा अनुकूल बनाउन,

(४) विपद् तथा अन्य जोखिययुक्त समयमा सञ्चालन हुने क्रियाकलापमा बालबालिकालाई प्राथमिकतामा राख्न,

(५) बालमैत्री स्थानीय शासनको लागि संस्थागत क्षमता र मानव संसाधन विकासमा सहयोग पुऱ्याउन,

(६) बालबालिकाको क्षेत्रमा काम गर्ने सरकारी तथा गैरसरकारी निकायहरूबीच समन्वय र सहकार्य गर्दै बालमैत्री स्थानीय शासनको प्रवर्द्धनमा आर्थिक तथा प्राविधिक सहयोग जुटाउन,

(७) नेपालको संविधान तथा राष्ट्रिय/अन्तर्राष्ट्रिय प्रतिबद्धता बमोजिम बालबालिकाको आवश्यकता अनुसारको सेवाको सुनिश्चितता गर्न।

## परिच्छेद २

## कानूनी तथा नीतिगत व्यवस्था

### ४. कानूनी र नीतिगत व्यवस्थाहरू

बाल अधिकार सुनिश्चित हुने गरी सरकारी तथा गैरसरकारी निकायहरूबाट प्रवाह गरिने सेवा, निर्माण गरिने पूर्वाधार र संरचनालाई बालबालिकाको हित र आवश्यकता अनुकूल हुनेगरी तयार गर्न र सरकारी संरचनालाई जवाफदेहीपूर्ण बनाउन देहाय बमोजिमको कानूनी र नीतिगत व्यवस्था गरिएको छ।

**(क) नेपालको संविधान**

नेपालको संविधानको मौलिक हक अन्तर्गत समानताको हक, बालबालिकाको हक र सामाजिक सुरक्षाको हकमा बालबालिका सम्बन्धी देहाय बमोजिमको प्रावधान रहेको छ।

(१) समानताको हक (धारा २२):

राज्यले नागरिकहरूका बीच कुनै भेदभाव नगर्ने तर सामाजिक वा सांस्कृतिक दृष्टिले पिछडिएका बालबालिका लगायतका नागरिकको संरक्षण, सशक्तीकरण वा विकासका लागि कानून बमोजिम विशेष व्यवस्था गर्न सकिने प्रावधान समानताको हकमा रहेको छ।

(२) बालबालिकाको हक (धारा ३९) मा देहाय बमोजिमका प्रावधान रहेका छन्:

(अ) प्रत्येक बालबालिकालाई आफ्नो पहिचान सहित नामकरण र जन्मदर्ताको हक हुनेछ।

(आ) प्रत्येक बालबालिकालाई परिवार तथा राज्यबाट शिक्षा, स्वास्थ्य, पालन पोषण, उचित स्याहार, खेलकूद, मनोरञ्जन तथा सर्वाङ्गीण व्यक्तित्व विकासको हक हुनेछ।

(इ) प्रत्येक बालबालिकालाई प्रारम्भिक बाल विकास तथा बाल सहभागिताको हक हुनेछ।

(ई) कुनै पनि बालबालिकालाई कलकारखाना, खानी वा यस्तै अन्य जोखिमपूर्ण काममा लगाउन पाइने छैन।

(उ) कुनै पनि बालबालिकालाई बाल विवाह, गैरकानूनी ओसारपसार र अपहरण गर्न वा बन्धक राख्न पाइने छैन।

(ऊ) कुनै पनि बालबालिकालाई सेना, प्रहरी वा सशस्त्र समूहमा भर्ना वा प्रयोग गर्न वा सांस्कृतिक वा धार्मिक प्रचलनका नाममा कुनै पनि माध्यम वा प्रकारले दुर्व्यवहार, उपेक्षा वा शारीरिक, मानसिक, यौनजन्य वा अन्य कुनै प्रकारको शोषण गर्न वा अनुचित प्रयोग गर्न पाइने छैन।

(ए) कुनै पनि बालबालिकालाई घर, विद्यालय वा अन्य जुनसुकै स्थान र अवस्थामा शारीरिक, मानसिक वा अन्य कुनै किसिमको यातना दिन पाइने छैन।

(ऐ) प्रत्येक बालबालिकालाई बाल अनुकूल न्यायको हक हुनेछ।

(ओ) असहाय, अनाथ, अपाङ्गता भएका, द्वन्द्वपीडित, विस्थापित एवम् जोखिममा रहेका बालबालिकालाई राज्यबाट विशेष संरक्षण र सुविधा पाउने हक हुनेछ।

(औ) बुँदा (घ), (ङ), (च) र (छ) विपरीतका कार्य कानून बमोजिम दण्डनीय हुनेछन् र त्यस्तो कार्यबाट पीडित बालबालिकालाई पीडकबाट कानून बमोजिम क्षतिपूर्ति पाउने हक हुनेछ।

(३) सामाजिक सुरक्षाको हक (धारा ४३):

बालबालिकालाई कानून बमोजिम सामाजिक सुरक्षाको हक हुने प्रावधान रहेको छ।

(४) राज्यका नीतिहरू (धारा ५१):

श्रम र रोजगार सम्बन्धी नीति (झ)(३) मा बालश्रम लगायत श्रम शोषणका सबै रुपको अन्त्य गर्ने नीति रहेको छ। सामाजिक न्याय र समावेशीकरण सम्बन्धी नीति ((ञ) (४) मा बालबच्चाको पालन पोषण, परिवारको हेरचाह जस्ता काम र योगदानलाई आर्थिक रुपमा मूल्यांकन गर्ने नीति रहेको छ। साथै (ञ) (५) बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिक रुपमा ध्यान दिने नीति रहेको छ।

**(ख) स्थानीय सरकार सञ्चालन ऐन, २०७४:**

बालबालिकाको हक सम्बन्धी संवैधानिक व्यवस्था अनुसार स्थानीय तहलाई जिम्मेवार बनाउन स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा विभिन्न प्रावधानहरू रहेका छन्। यस ऐनले बाल अधिकार प्रवर्द्धन गर्न ऐनको दफा ११ (ज) बमोजिम प्रारम्भिक बाल शिक्षा तथा विद्यालय शिक्षा र अनौपचारिक शिक्षा सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको निर्माण, कार्यान्वयन र नियमन गर्ने जिम्मेवारी सम्बन्धित गाउँ/नगरपालिकाको रहेको छ। शैक्षिक पूर्वाधार निर्माण र मर्मत सम्भार, आधारभूत तहको परीक्षा व्यवस्थापन, स्थानीय पुस्तकालय र वाचनालयको सञ्चालन तथा व्यवस्थापन, माध्यमिक तहसम्मको शैक्षिक कार्यक्रमको समन्वय

र नियमन गर्ने कार्य समेत गाउँ/नगरपालिकाको कार्यक्षेत्र भित्र पर्दछ। यसैगरी सोही दफाको खण्ड (झ) बमोजिम आधारभूत स्वास्थ्य र सरसफाई सम्बन्धी नीति, कानून, मापदण्ड, योजनाको निर्माण, कार्यान्वयन र नियमन, आधारभुत स्वास्थ्य सेवाको सञ्चालन र प्रवर्द्धन, स्वस्थ खानेपानी तथा खाद्य पदार्थको गुणस्तर र वायु तथा ध्वनिको प्रदुषण नियन्त्रण, सरसफाई सचेतनाको अभिवृद्धि र स्वास्थ्यजन्य फोहरमैलाको व्यवस्थापन समेत स्थानीय तहको अधिकार क्षेत्रमा रहेको छ।

ऐनको दफा १२ उपदफा (२) खण्ड (१) को (ग) ले बालमैत्री स्थानीय शासन प्रवर्द्धन गरी बालमैत्री वडा घोषणा गर्ने जिम्मेवारी गाउँ/नगरपालिकाको वडालाई दिएको छ। बालउद्यानको व्यवस्था, प्रारम्भिक बाल विकास केन्द्र सञ्चालन र व्यवस्थापन, पुस्तकालय, वाचनालय, सामुदायिक सिकाई केन्द्र व्यवस्थापन, बालक्लव तथा बालसञ्जालको सञ्चालन र व्यवस्थापन, वडा तहको स्वास्थ्य केन्द्र तथा उपकेन्द्रको व्यवस्थापन, बालबालिकाहरूलाई बि.सि.जि.,पोलियो,भिटामिन ए को व्यवस्था, पोषण कार्यक्रमको सञ्चालन, अन्तरविद्यालय तथा बालक्लव मार्फत खेलकुद कार्यक्रमको सञ्चालन, प्रचलित कानून बमोजिम व्यक्तिगत घटना दर्ता, अद्यावधिक तथा सोको अभिलेख संरक्षण, व्यक्तिगत घटना दर्ता सम्बन्धी जनचेतना कार्यहरू समेत वडाको जिम्मेवारीमा रहेका छन्। यस्तै महिला विरुद्धको हिंसा, छुवाछुत, दहेज तथा दाइजो, हलिया प्रथा, छाउपडी, कमलरी प्रथा, बालश्रम, मानव बेचविखन, निरक्षरता जस्ता सामाजिक कुरीति र अन्धविश्वासको अन्त्य गर्ने, गराउने, सडक बालबालिकाको उद्धार र पुनर्स्थापना गर्ने गराउने, प्राङ्गारिक कृषि, सुरक्षित मातृत्व, विद्यार्थी भर्ना, पूर्ण खोप, खुला दिसामुक्त क्षेत्र, वातावरणमैत्री तथा बालमैत्री शासनजस्ता प्रवर्द्धनात्मक कार्यहरू गर्ने, गराउने जिम्मेवारी समेत वडाको हुने प्रावधान रहेको छ।

गाउँपालिका तथा नगरपालिकाले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा स्थानीयस्तरको विकासका लागि आवधिक, वार्षिक, रणनीतिगत, विषय क्षेत्रगत, मध्यकालीन तथा दीर्घकालीन विकास योजना बनाउँदा नेपाल सरकार र प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य, समयसीमा र प्रकृयासँग अनुकूल हुनेगरी गर्नुपर्ने र सबै प्रकृयामा बालबालिका लगायतका अन्तरसम्बन्धित विषयलाई समावेश गर्नुपर्ने व्यवस्था समेत यस ऐनले गरेको छ।

**(ग) बालबालिका सम्बन्धी ऐन, २०७५**

प्रत्येक बालक जन्मेपछि निजको बाबु भए बाबुले, बाबु नभए आमाले र आमा पनि नभए परिवारका अन्य सदस्यले आफ्नो धर्म, संस्कृति र चलन अनुसार बालकको नाम राखिदिनु पर्ने

र बालकको बाबु, आमा वा परिवारको कुनै सदस्य जीवित नरहेकोमा वा पत्ता नलागेकोमा बालकलाई पाल्ने व्यक्ति वा संस्थाले बालकको नाम राखिदिनु पर्ने व्यवस्था बालबालिका सम्बन्धी ऐन, २०७५ ले गरेको छ। यसैगरी यस ऐनमा बाबु, आमाले आफ्नो परिवारको आर्थिक अवस्था अनुसार प्रत्येक बालकको पालन पोषण गर्नुका अतिरिक्त निजको शिक्षा, स्वास्थोपचार, खेलकुद तथा मनोरञ्जनका सुविधाहरूको व्यवस्था गर्नुपर्ने प्रावधान रहेको छ। उक्त ऐनले बालबालिकाको बाँच्न पाउने अधिकार, नाम, राष्ट्रियता र पहिचानको अधिकार, भेदभाव विरुद्धको अधिकार, बाबु आमासँग बस्ने र भेटघाट गर्ने अधिकार, संरक्षणको अधिकार, सहभागिताको अधिकार, अभिव्यक्ति स्वतन्त्रता र सूचनाको अधिकार, संस्था खोल्ने र शान्तिपूर्वक भेला हुने अधिकार, गोपनीयताको अधिकार, अपाङ्गता भएका बालबालिकाको विशेष अधिकार, पोषण तथा स्वास्थ्यको अधिकार, खेलकूद, मनोरञ्जन तथा साँस्कृतिक अधिकार र शिक्षाको अधिकारलाई बालबालिकाको अधिकारको रुपमा सुनिश्चित गरेको छ। त्यसैगरी बालबालिकासँग सम्बन्धित विषय हेर्न बाल अदालतको गठन गर्ने व्यवस्था रहेको छ। बालअधिकारलाई सुनिश्चित गर्न सहयोग पुर्याउन केन्द्रिय बाल न्याय समिति र जिल्ला बाल न्याय समितिको व्यवस्था समेत रहेको छ। प्रदेश तथा स्थानीय तहमा बाल अधिकारको विषयलाई संस्थागत गर्न राष्ट्रिय बाल अधिकार परिषद, प्रदेश तथा स्थानीय तहको बाल अधिकार समितिको व्यवस्था समेत रहेको छ।

**(घ) मुलुकी देवानी संहिताऐन, २०७४**

प्रत्येक व्यक्तिले अन्य व्यक्तिको व्यक्तित्वलाई स्वीकार गर्नुपर्ने, कानूनको दृष्टिमा सबै नागरिक समान हुने, समान कानूनको प्रयोगमा भेदभाव गर्न नपाइने, कुनै पनि व्यक्तिको वैयक्तिक स्वतन्त्रता अपहरण गर्न नपाइने, प्रत्येक व्यक्ति जन्मनासाथ व्यक्तिको रुपमा मान्यता पाउने, प्रत्येक व्यक्तिले जन्मनासाथ नाम र थरको अधिकार हुने, आमा बाबुबाट मातृत्व र पितृत्वको निर्धारण हुने, कृतिम गर्भादानबाट जन्मिएको शिशुको पितृत्व बाबुको हुने, दम्पत्तिले छोराछोरीको जम्मदर्ता गर्नुपर्ने, प्रत्येक नाबालकको आमाबावुले हेरचाह र स्याहार संभार गर्नुपर्ने, सम्बन्ध विच्छेद भएका दम्पत्तिको छोराछोरीको अधिकार कायमै रहने, नाबालकलाई श्रमिकको रुपमा काममा लगाउन नहुने, अशक्त छोराछोरीलाई विशेष हेरचाह गर्नुपर्ने, नाबालकको संरक्षक नभए माथवर हुने, बालबालिकाको सर्वोत्तम हित हुने गरी धर्मपुत्र वा धर्मपुत्री राख्नुपर्ने व्यवस्था ऐनमा रहेको छ।

**(ङ) बालश्रम (निषेध र नियमित) ऐन, २०५६**

कसैले पनि बालकलाई ललाई, फकाई वा झुक्याएर वा कुनै प्रलोभनमा वा डर, त्रास वा दबाबमा पारी वा अन्य कुनै तरिकाले निजको इच्छा विरुद्ध श्रमिकको रुपमा काममा लगाउनु हुँदैन भन्ने व्यहोरा बालश्रम (निषेध र नियमित) ऐन, २०५६ मा रहेको छ। यसैगरी यस ऐनमा बालकलाई काममा लगाउँदा दिनमा ६ घण्टा र एक सप्ताहमा ३६ घण्टाभन्दा बढी अतिरिक्त पारिश्रमिक दिई वा नदिई काममा लगाउनु नहुने, प्रतिष्ठानले श्रमिकको रुपमा काम गर्ने बालकलाई लिङ्ग, वर्ण, धर्म वा जातजातिको आधारमा कुनै भेदभाव नगरी समान कामको लागि समान पारिश्रमिक र सुविधा दिनुपर्ने र व्यवस्थापकले काम गर्ने बालकको स्वास्थ्य र सुरक्षा सम्बन्धी विशेष व्यवस्था गर्नुपर्ने प्रावधान राखेको छ।

**(च) बाल अधिकार सम्बन्धी महासन्धि (CRC)**

बाल अधिकार सम्बन्धी महासन्धि, १९८९ ले बाल अधिकारको सम्मान, संरक्षण र सम्बद्र्धन गर्न गैरविभेदीकरण (धारा २), सर्वोत्तम हित (धारा ३), सर्वाङ्गीण विकास (धारा ६) र विचारको सम्मान (धारा १२) को सिद्धान्तलाई अवलम्बन गरेको छ। चौवन्न वटा धारा रहेको यस महासन्धिमा धारा १ देखि ४० विभिन्न किसिमका बालअधिकारको व्यवस्था गरिएको छ। धारा ४२ मा राष्ट्रिय वा अन्तर्राष्ट्रिय व्यवस्था मध्ये उत्कृष्टलाई कार्यान्वयन गर्न पाउने स्वतन्त्रता दिइएको छ। धारा ४२ मा बालअधिकारको विषयमा राज्यले बालबालिका र अभिभावकलाई जानकारी गराउनु पर्ने व्यवस्था छ। धारा ४३ देखि ५४ सम्म बालअधिकारको कार्यान्वयन, अनुगमन, मुल्याङ्कन तथा प्रतिवेदनको व्यवस्था गरिएको छ।

**(छ) पन्ध्रौं योजना(२०७६/७७–२०८१/८२)**

पन्ध्रौं योजना (२०७६/७७–२०८१/८२)मा बालअधिकार सुनिश्चित भएको बालमैत्री समाजको सोंचमा आधारित रही बालबालिका तथा किशोर किशोरीलाई सबै प्रकारको हिंसा, दुर्व्यवहार र शोषणबाट मुक्त गराउँदै उनीहरूको हक अधिकार संरक्षण तथा प्रवर्द्धन गरी राष्ट्र निर्माण गर्न सक्ने योग्य र सक्षम नागरिकको रुपमा विकास गर्ने लक्ष्य राखिएको छ। उक्त लक्ष्य प्राप्त गर्न बालबालिका तथा किशोरी किशोरीको अधिकारको संरक्षण र प्रवर्द्धन गर्ने, बालबालिका तथा किशोर किशोरीमैत्री वातावरण सृजना गर्ने, बालबालिका तथा किशोर किशोरी विरुद्ध हुने शारीरिक मानसिक लगायत सबै प्रकारका हिंसा, विभेद, दुर्व्यवहार, शोषण र उपेक्षाको अन्त्य गर्ने उद्देश्य राखिएको छ।

बालस्वास्थ्यमा सुधार गरी बालमृत्युदर घटाउने, बालबालिकाको मानसिक तथा शारीरिक विकासका लागि प्रारम्भिक बालविकासमा पहुँच, बालबालिका तथा किशोर किशोरी विरुद्ध हुने सबै प्रकारका हिंसाको अन्त्य गरी उनीहरूको जीवनलाई सुरक्षित बनाउने, असहाय, अनाथ, अपाङ्गता भएका, अशक्त तथा बेवारिसे बालबालिका तथा किशोर किशोरीलाई राज्यबाट संरक्षण र सम्बद्र्धन गर्ने, विभिन्न माध्यमवाट बालबालिकालाई सामाजिक जीवनमा सहभागी हुने वातावरण सृजना गर्ने, राज्यले सबै प्रकारको बालश्रमको अन्त्य गर्न आवश्यक व्यवस्था गर्ने, बालबालिकाको पहुँचयुक्त पूर्वाधारको निर्माण गरी बालमैत्री वातावरण सृजना गर्ने र विद्यमान बालगृहको संस्थागत आवसीय संरक्षणलाई निरुत्साहित तथा निसंस्थाकरण गर्दै अन्तिम बिकल्पको रुपमा मात्र संरक्षण गर्ने गरी अन्य बैकल्पिक हेरचाहलाई प्रवर्द्धन गर्ने रणनीति पन्ध्रौं योजनामा उल्लेख गरिएको छ।

**(ज) दिगो विकास लक्ष्य**

संयुक्त राष्ट्रसंघको पहलमा सन २०३० सम्म प्राप्त गर्ने गरी तयार गरिएको विश्वव्यापी लक्ष्यहरू नै दिगो विकासका लक्ष्यहरू हुन। जसमा १७ वटा मूल लक्ष्य तथा १६९ परिमाणात्मक लक्ष्यहरू तोकिएका छन। दिगो विकासका कूल १७ वटा लक्ष्यहरू मध्ये १, २, ३, ४, ५, ६, ९, ११, १६ र १७ गरी १० वटा लक्ष्यहरू बालबालिका र महिलासँग सम्बन्धित रहेका छन्। जसमध्ये मध्ये लक्ष्य ४: सबैका लागि समावेशी तथा गुणस्तरीय शिक्षा सुनिश्चित गर्ने, लक्ष्य ५: लैङ्गिक समानता हासिल गर्ने र किशोरीहरूको सशक्तीकरण गर्ने, लक्ष्य ६: सबैका लागि खानेपानी तथा सरसफाइको उपलब्धता गर्ने, लक्ष्य ९: बलियो पूर्वाधार निर्माण गर्ने र दिगो औद्योगिकीकरणको प्रवर्द्धन गर्ने, लक्ष्य ११: नगरहरू र मानवबस्तीहरूलाई समावेशी, सुरक्षित, र दिगो बनाउने, लक्ष्य १६: समावेशी समाजको प्रवर्द्धन गर्ने र सबैलाई न्यायमा पहुँच प्रदान गर्ने, र लक्ष्य १७: कार्यान्वयन प्रकृया मजबुत बनाउने र साझेदारीलाई पुनर्जीवन दिने लक्ष्यहरू बालबालिकाको सर्वाङ्गीण विकासको लागि आवश्यक पर्ने सेवा सुविधा उपलब्ध गराउने, पूर्वाधार विकास गर्ने, निर्मित पूर्वाधार दिगो बनाउने र सरकारी, गैरसरकारी तथा निजी क्षेत्र र विकास साझेदारको संलग्नतामा लक्ष्य पूरा गर्ने विषय रहेका छन्।

सन २०३० सम्ममा न्यायपूर्ण तथा समृद्ध मुलुक बनाउने परिकल्पना साथ नेपालको दिगो विकास लक्ष्यहरू तयार भई स्वीकृत भइसकेको छ। राज्यको पुनर्संरचना पश्चात आधारभूत तथा माध्यमिक शिक्षा, प्राथमिक स्वास्थ्य उपचार, पिउनेपानीको आपूर्ति र सरसफाई, कृषि,

आधारभूत पूर्वाधारहरू, सामाजिक सुरक्षा र विपद् व्यवस्थापनका विषयहरू स्थानीय तहको क्षेत्राधिकारका विषय बनेका छन्। जुन विषयहरू दिगो विकास लक्ष्यसँग प्रत्यक्ष सम्बन्धित रहेका छन्।

**झ. अन्य प्रयासहरू**

बाल अधिकारका क्षेत्रमा राष्ट्रिय, क्षेत्रीय र अन्तर्राष्ट्रियस्तरमा भएका प्रयासहरू मध्ये नेपालले अवलम्बन गरेका केही प्रमुख प्रयासहरू देहाय बमोजिम छन् :

(१) महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन सम्बन्धी महासन्धि (Convention on the Elevation of all Forms of Discrimination against Women-CEDAW), १९७९ को अनुमोदन।

(२) सशस्त्र द्वन्द्वमा बालबालिकाको प्रयोग, बालबालिकाको बेचबिखन, बाल वेश्यावृत्ति र अश्लील चित्रण विरुद्ध बाल अधिकार सम्बन्धी महासन्धिको इच्छाधीन आलेख २००० को पक्षराष्ट्र।

(३) दक्षिण एशियामा बाल कल्याण प्रवर्द्धनको लागि क्षेत्रीय व्यवस्था सम्बन्धी सार्क महासन्धि २००२ को पक्ष राष्ट्र।

(४) वेश्यावृत्तिको लागि महिला तथा बालबालिकाको जीउ मास्ने बेच्ने काम रोकथाम गर्ने र सो विरुद्ध संघर्ष गर्ने सम्बन्धमा व्यवस्था भएको सार्क महासन्धि २००२, को पक्षराष्ट्र।

(५) बाल न्याय (कार्यविधि) नियमावली, २०६३ तर्जुमा।

(६) अन्तरदेशीय धर्मपुत्र धर्मपुत्री सम्बन्धी हेग महासन्धिमा हस्ताक्षर।

(७) शिक्षा, विज्ञान तथा प्रविधि, स्वास्थ्य तथा जनसंख्या, श्रम, रोजगार तथा सामाजिक सुरक्षा,महिला, बालबालिका तथा जेष्ठ नागरिक, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय लगायतका विषयगत मन्त्रालयले बालबालिकाका सवालहरूलाई क्षेत्रगत योजना र कार्यक्रममा समावेश गर्दै आएको।

(८) सरकारी तथा गैरसरकारी निकायसँगको समन्वयमा स्थानीय तहले बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रम सञ्चालन गर्दै आएको।

## परिच्छेद ३

## बालमैत्री स्थानीय शासनका निर्देशक सिद्धान्त

### ५. निर्देशक सिद्धान्त

बालमैत्री स्थानीय शासन प्रवर्द्धनका लागि देहायका निर्देशक सिद्धान्तहरू अवलम्बन गरिनेछ:

(१) गैरविभेदीकरण

प्रत्येक बालबालिकालाई धर्म, वर्ण, जात, जाति, लिङ्ग, उमेर–समुह, उत्पत्ति, भाषा, सामर्थ्य, शारीरिक वा मानसिक अवस्था, पारिवारिक हैसियत, स्वास्थ्य स्थिति, आर्थिक वा सामाजिक स्थिति, भौगोलिक क्षेत्र वा यी मध्ये कुनै कुराको आधारमा कुनै प्रकारको भेदभाव गरिनेछैन।

(२) बालबालिकाको सर्वोत्तम हित

शासन सञ्चालनका हरेक पक्षमा बालबालिकाको सर्वोत्तम हितलाई ध्यानमा राखिनेछ। सरकारी तथा गैरसकारी क्षेत्रवाट हुने सेवा प्रवाह, विकास क्रियाकलाप तथा समाज र घरपरिवारले गर्ने व्यवहारमा समेत बालबालिकाको अधिकार सुनिश्चित गर्न अभिप्रेरित गरिनेछ।

(३) बालबालिकाको सर्वाङ्गीण विकास

बालबालिकाको बाँच्न पाउने अधिकार र उनीहरूको सर्वाङ्गीण विकासको सुनिश्चितता गर्न हरेक बालबालिका जन्मेपछि नामकरण र जन्म दर्ताको अधिकार, राष्ट्रियताको अधिकार, बालश्रम विरुद्धको अधिकार, हेरचाह र पालनपोषणको अधिकार, स्वास्थ्यको अधिकार, आराम गर्न पाउने अधिकार, खेलकुद, मनोरञ्जन एवं साँस्कृतिक अधिकार तथा शिक्षा र संरक्षकत्वको अधिकार सुनिश्चित गर्न अभिप्रेरित गरिनेछ।

(४) बालबालिकाको सहभागिता र विचारको सम्मान

स्थानीय तहका बालबालिकासँग सम्बन्धित निकायहरूमा बालबालिकाहरूको परिपक्वता र क्षमताका आधारमा संलग्न हुन पाउने अधिकारको साथै बालबालिकाले अभिव्यक्त गरेको विचारलाई सम्मान गर्ने प्रणालीको विकास गरिनेछ।

(५) सन्निकटताको सिद्धान्त

बालबालिकाको सर्वाङगीण विकासको लागि आवश्यक पर्ने आवश्यक सेवा तथा सुविधाहरू बालबालिकाको नजिकमा रहेको सरकारी तथा गैरसरकारी क्षेत्रवाट सन्निकटताको सिद्धान्तमा आधारित भई प्रवाह गर्ने व्यवस्था गरिनेछ।

(६) समावेशीकरणको सिद्धान्त

सबै वर्ग, क्षेत्र, लिङ्ग, र क्षमताका बालबालिकाहरूलाई बाल सरोकार सम्बन्धी स्थानीय शासन प्रणालीका हरेक पक्षहरूमा समान रुपमा समावेश हुन पाउने अधिकार सुनिश्चित हुनेछ। स्थानीय शासन र विकाससम्बन्धी गतिविधिमा समावेशीकरणको अवधारणालाई अंगीकार गरिनेछ।

(७) समुदायमा आधारित विकासको सिद्धान्त

समुदाय र स्थानीय तहको सक्रिय सहभागितामा बालमैत्री स्थानीय शासन प्रक्रियाको सञ्चालन हुने र यस कार्यान्वयन निर्देशिकामा आधारित भई आवश्यक अन्य व्यवस्था स्थानीय तहले आफै मिलाउने व्यवस्था गरिनेछ।

## परिच्छेद ४

## बालमैत्री स्थानीय शासनकोरणनीतिक व्यवस्था

समृद्ध नेपाल, सुखी नेपालीको राष्ट्रिय अभियानलाई सफल बनाउन बालअधिकार सुनिश्चित हुने गरी स्थानीय तहको नीति, योजना, कार्यक्रम, कार्यप्रक्रिया र संरचनामा बालबालिकाका सवालहरूलाई मूलप्रवाहीकरण गर्नुपर्ने आवश्यकता रहेको छ। यस सन्दर्भमा निर्देशिकाको सोंच, लक्ष्य, उद्देश्य र कार्यान्वयन रणनीति देहाय बमोजिम तय गरिएको छ।

**६. सोच**

सुदृढ, सक्षम र जवाफदेही स्थानीय शासन पद्धति मार्फत बाल अधिकारको सुनिश्चितता।

**७. लक्ष्य**

वि.सं. २०८७ सम्म सबै स्थानीय तहलाई बालमैत्री बनाउने।

**८. उद्देश्य**

(१) स्थानीय तहको आवधिक तथा वार्षिक योजनामा बालअधिकारका सवालहरूलाई प्राथमिकता दिनु,

(२) बालबालिकाको समुचित विकासको लागि आवश्यक पर्ने सबै सेवा, सुविधाहरूमा हरेक बालबालिकाको पहुँच सुनिश्चित गराउनु,

(३) स्थानीय तहमा बालबालिकासँग सम्बन्धित नीति, योजना र कानून तर्जूमा गर्दा बालबालिकाको सहभागिता गराउनु,

(४) स्थानीय तहमा निर्माण हुने सबै भौतिक पूर्वाधारहरू बालमैत्री बनाउनु,

(५) बालबालिकाको हित बिरुद्ध हुने सबै प्रकारका हिंसाहरूको उन्मूलन गर्नु।

**९. रणनीति तथा कार्यनीति**

बालमैत्री स्थानीय शासनको उद्देश्य प्राप्तिका लागि देहाय बमोजिमका रणनीति तथा कार्यनीतिहरु अवलम्बन गरिनेछ। रणनीति र कार्यनीति अनुसारका जिम्मेवारीको विस्तृत व्याख्या अनुसूची १ मा छ।

| क्र.स. | रणनीति | कार्यनीति |
|---|---|---|
| १ | मूलप्रवाहीकरण | (१) बाल अधिकारको बिषयलाई स्थानीय तहको नीति, योजना, कार्यक्रम र कार्यपद्धतिमा समाहित गरिनेछ।<br>(२) बालमैत्री तरिकाले योजना तथा कार्यक्रम सञ्चालन भए नभएको, |

| | | |
|---|---|---|
| | | अपेक्षित उपलब्धि हासिल भए नभएको सम्बन्धमा परीक्षणको विधि अवलम्बन गरिनेछ।<br>(३) बालमैत्री स्थानीय शासनको उपलब्धिको सम्बन्धमा वार्षिक रुपमा स्थिति पत्र तयार गर्ने र प्राप्त उपलब्धिलाई दिगो बनाउन आवश्यक कार्यक्रमहरू तर्जुमा गरिनेछ। |
| २ | नीतिगत वकालत पैरवी र सचेतना | (१) स्थानीय तहका नीति निर्माण एवम् विकास प्रयासमा बालबालिकाको हकहितलाई स्थापित गराउन नीतिगत वकालत गरिनेछ।<br>(२) बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रम सञ्चालन गर्न स्थानीय तहले आवश्यक पर्ने नियम, कार्यविधि र निर्देशिका तर्जुमा गरी कार्यान्वयन एवम् अनुगमन, मूल्याङ्कन गर्ने, गराईनेछ।<br>(३) विद्यमान कानुनलाई बालमैत्री अनुकूल हुनेगरी संशोधन गर्न सघाउ पुऱ्याइनेछ।<br>(४) गाउँपालिका तथा नगरपालिकाको विपद् व्यवस्थापन योजनामा बालबालिकाको आवश्यकता र चासोलाई समावेश गरिनेछ।<br>(५) बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रम सञ्चालनको लागि केन्द्रीय, प्रादेशिक तथा स्थानीय स्तरबाट लगानीको वातावरण तयार गरिनेछ।<br>(६) स्थानीय, प्रादेशिक, राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय विकास मञ्चहरूमा बालमैत्री शासनको अवधारणालाई स्थापित गर्न पहल गरिनेछ।<br>(७) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा भएका बालबालिका सम्बन्धी महासन्धि, अभिसन्धि, प्रतिबद्धता, सम्झौता, कानुन एवम् नीतिगत प्रावधानहरूको सम्प्रेषण गरिनेछ। |
| ३ | संस्थागत विकास | (१) बालमैत्री स्थानीय शासन पद्धतिको विकासका सन्दर्भमा गाउँपालिका, नगरपालिका र तिनका वडाहरूलाई प्रमुख रुपमा उत्तरदायी संस्थाको रुपमा विकास गरिनेछ। |

| | | |
|---|---|---|
| | | (२) जिल्ला समन्वय समितिले नीतिगत र संस्थागत समन्वयकारी भूमिका निर्वाह गर्ने प्रणालीको विकास गरिनेछ।<br>(३) समुदायस्तरमा बालमैत्री स्थानीय शासनको लागि आवश्यक संस्थागत संयन्त्रको विकास गरिनेछ।<br>(४) बालमैत्री स्थानीय शासन समुदाय, वडा, गाउँपालिका र नगरपालिका तहका समितिहरूको संस्थागत क्षमता विकास गरिनेछ।<br>(५) बालमैत्री स्थानीय शासनको प्रवर्द्धनका लागि विभिन्न तह र क्षेत्रका शासकीय एकाइहरूमा बालमैत्री विषय हेर्न साङ्गठनिक संरचनाको व्यवस्था मिलाईनेछ।<br>(६) बाल क्लवको सूचीकृत गर्ने, सञ्जाल निर्माण गर्ने र साथै उनीहरूको क्षमता विकासमा प्रोत्साहन गर्दै स्थानीय तहमा अनौपचारिक संयन्त्र निर्माण गरी बालबालिका सम्बन्धी सवालहरूलाई प्रकाशमा ल्याईनेछ।<br>(७) स्थानीयस्तरमा स्थापना भएका स्वास्थ्य संस्था व्यवस्थापन समिति, विद्यालय व्यवस्थापन समिति, जिल्ला/गाउँ/नगर/वडास्तरीय बाल संजाल, टोल विकास समिति, जस्ता सामुदायिक संस्था र गैरसरकारी संस्था लगायतका साझेदार निकायहरूको बीचमा सामञ्जस्यता कायम गरी यस निर्देशिकामा उल्लेख भएका सूचकहरू प्राप्तिका लागि पहल गरिनेछ।<br>(८) समुदायमा आधारित बाल संरक्षण प्रणाली एवम् संस्थाहरूको स्थापना गरी यस प्रक्रियामा आबद्ध गरिनेछ।<br>(९) बालबालिकासँग प्रत्यक्ष सरोकार राख्ने संरचनाहरूमा संस्थागत बाल प्रतिनिधित्वको सुनिश्चित गरिनेछ। |
| ४ | क्षमता विकास | (१) विभिन्न तहका साझेदार र सहयोगी निकायहरूबीच कार्यगत सञ्जाल निर्माण गरिनेछ। |

| | | |
|---|---|---|
| | | (२) स्थानीय तहको योजना प्रक्रियामा बालमैत्री स्थानीय शासनको सूचक प्राप्तिमा सहयोग गर्ने कार्यक्रमलाई पहिलो प्राथमिकतामा (Children First)सञ्चालन गरिनेछ।<br>(३) तालिम, गोष्ठी, अवलोकन भ्रमण एवम् अनुभव आदान प्रदान तथा अध्ययन, अनुसन्धान जस्ता क्रियाकलापको माध्यमबाट बालबालिका तथा बालमैत्री स्थानीय शासनसँग सम्बन्धित निकायका पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरिनेछ।<br>(४) केन्द्र, प्रदेश तथा स्थानीय तहमा विज्ञ, स्रोत व्यक्ति एवम् प्रशिक्षकहरूको सूची तयारी तथा परिचालन गरिनेछ।<br>(५) स्थानीय भाषाहरूमासमेत प्रशिक्षण सामग्री तयार गरिनेछ।<br>(६) गाउँपालिका र नगरपालिकामा बालमैत्री स्थानीय शासन स्रोत केन्द्र स्थापना गरी बालमैत्री स्थानीय शासनको प्रवर्द्धन गरिनेछ। |
| ५ | सहकार्य र साझेदारी प्रवर्द्धन | (१) बाल अधिकारको संरक्षण सम्बन्धी योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन र मूल्याङ्कनमा स्थानीय विकासका साझेदार तथा अन्तर्राष्ट्रिय विकास समुदायसँगको सहकार्य र साझेदारीलाई व्यापक तुल्याईनेछ।<br>(२) बालमैत्री स्थानीय शासनको सन्दर्भका सरकारी तथा गैरसरकारी क्षेत्रबाट सञ्चालन हुने कार्यक्रम सम्बन्धित स्थानीय तहको नेतृत्वमा कार्यान्वयन गरिनेछ।<br>(३) विभिन्न साझेदार निकायको सफल कार्यपद्धतिको अनुशरण गरिनेछ। |
| ६ | समुदाय परिचालन | (१) बालअधिकारको विषयलाई प्रभावकारी बनाउन आवश्यकता अनुसार समूदाय स्तरमा समूह निर्माण तथा परिचालन गरिनेछ।<br>(२) समुदाय स्तरका संस्थाको क्षमता विकासका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ। |

| | | |
|---|---|---|
| | | (३) बाल अधिकारको क्षेत्रमा अभियानमूलक कार्यक्रम सञ्चालनका लागि समुदाय स्तरका संस्था तथा समूहलाई परिचालन गरिनेछ।<br>(४) सामाजिक सचेतना तथा सामाजिक कुरीति तथा अन्धविश्वासका विरुद्धमा हुने अभियानमूलक कार्यक्रममा बालमैत्री स्थानीय स्थानीय शासनका विषयलाई समावेश गरिनेछ। |
| ७ | सामाजिक जवाफदेहीता र पारदर्शिता | (१) प्रदेश तथा स्थानीय तहलाई बालबालिकाको लागि लगानी योजना बनाई सञ्चालन गर्न अभिप्रेरित गरिनेछ।<br>(२) बालबालिका सम्बन्धी योजनामा आवश्यक बजेट विनियोजन गरिने तथा विनियोजित बजेटको लेखाजोखा गर्ने संयन्त्र निर्माण गरिनेछ ।<br>(३) बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रम सञ्चालनको लागि आवश्यक नीति, निर्देशिका, कार्यविधि तथा आचारसंहिता तर्जुमा र कार्यान्वयन गरी सार्वजनिक जवाफदेहिता पुरा गरिनेछ।<br>(४) बालमैत्री स्थानीय शासनको प्रवर्द्धनको लागि सरकारी तथा गैरसरकारी निकायबाट सञ्चालित कार्यक्रम तथा परिचालन हुने स्रोतको जानकारी नियमित रुपमा सार्वजनिक गरिनेछ।<br>(५) बालमैत्री स्थानीय शासनको प्रभावकारिताको लागि सम्बन्धमा सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, सार्वजनिक परीक्षण जस्ता विधिहरूको अवलम्बन गरिनेछ। |
| ८ | समतामूलक कार्यक्रम | (१) सबै वर्ग, क्षेत्र, लिङ्ग र समुदायका साथै अशक्त, असहाय, अपाङ्गता भएका तथा तेस्रो लिङ्गी बालबालिकाको आवश्यकता सम्बोधन हुने गरी विशेष कार्यक्रम सञ्चालन गरिनेछ।<br>(२) बालमैत्री स्थानीय शासनका संरचनामा आर्थिक, सामाजिक वा शैक्षिक दृष्टिले पछाडि परेका समुदायका बालिकाहरूको समानुपातिक प्रतिनिधित्वको व्यवस्था गरिनेछ। |
| ९ | सूचना, शिक्षा र | (१) बालमैत्री स्थानीय शासनको अवधारणा अनुसार बालबालिकाप्रति |

| | | |
|---|---|---|
| | सञ्चारको माध्यमबाट व्यवहार परिवर्तन | समान धारणा बनाउन र उनीहरूको अधिकार र हितप्रतिको संवेदनशीलतामा सहयोग पुऱ्याउने श्रव्य–दृष्य सामग्री उत्पादन एवम् प्रचार प्रसार गरिनेछ।<br>(२) विद्यालयस्तरको पाठ्यक्रममा बालअधिकारको विषय समावेश गराइनेछ।<br>(३) बालमैत्री स्थानीय शासनको अवधारणा, नीति तथा कार्यक्रमहरूको सम्प्रेषणका लागि रेडियो, टेलिभिजन, पत्रपत्रिका, सामाजिक सञ्जाल जस्ता प्रिन्ट तथा ईलेक्ट्रोनिक सञ्चार माध्यमहरूको उपयोग गरिनेछ।<br>(४) बालबालिकाको क्षेत्रमा काम गर्ने निकायहरूको वेबसाइटमा बालमैत्री स्थानीय शासनका उपयोगी सामग्री राखी प्रचार प्रसार गरिनेछ। |
| १० | अनुगमन तथा मूल्याङ्कन | (१) बालमैत्री स्थानीय शासन सम्बन्धी न्यूनतम् सूचकका बारेमा सरोकारवालाहरूलाई जानकारी गराउने र सञ्चालित कार्यक्रमहरूको प्रभावकारिता र नतिजा अनुगमन गरिनेछ।<br>(२) स्थानीय तहहरूबाट बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्न स्वयम् जिम्मेवार हुने संयन्त्रको विकास गरी सहभागितामूलक अनुगमन गरिनेछ।<br>(३) सरकारी तथा गैर सरकारी निकायबाट सम्पादित कामको अनुगमन तथा मुल्याङ्कन गर्दा बालमैत्री स्थानीय शासन सम्बन्धी सूचकहरू समेत समावेश गर्ने व्यवस्था मिलाईनेछ।<br>(४) बालमैत्री स्थानीय शासनको क्षेत्रमा उत्कृष्ट काम गर्ने बाल समूह, सामुदायिक संस्था, वडा, गाउँपालिका वा नगरपालिका, विकास साझेदार संस्था र व्यक्तिलाई प्रोत्साहन तथा पुरस्कृत गरिनेछ। |

## १०. बालमैत्री स्थानीय शासन कार्यान्वयनको प्रक्रिया

बालमैत्री स्थानीय शासन कार्यान्वयनका प्रक्रिया देहाय बमोजिम हुनेछ।

**(क) पूर्वतयारी चरणः**

(१) कार्यपालिकाबाट आफ्नो गाउँपालिका /नगरपालिकालाई बालमैत्री स्थानीय शासन कार्यान्वयन गर्न निर्णय गर्ने।

(२) बालमैत्री स्थानीय शासनको अवधारणा सम्वन्धी गाउँ/नगर समितिका पदाधिकारी र अन्य सरोकारवालालाई अभिमुखीकरण गर्ने।

(३) कार्यपालिका र बालमैत्री स्थानीय शासन गाउँ/नगर स्तरीय समितिबाट लिखित प्रतिबद्धता गर्ने।

(४) बालमैत्री स्थानीय शासनको अवधारणा र विद्यमान अवस्था सम्बन्धी कार्यान्वयन निर्देशिकाको सूचकमा आधारित भई गाउँपालिका/नगरपालिकामा बालबालिकाको अवस्था सम्बन्धी वस्तुगत विवरण (प्रोफाईल) तयार गर्ने र प्रकाशन गर्ने।

(५) बालमैत्री स्थानीय शासनका सूचकको स्थानीयकरण गर्ने।

(६) बालमैत्री स्थानीय शासन कार्यान्वयन गर्न आवश्यक स्थानीयनीति/रणनीति/कार्यविधि/निर्देशिका र आचारसंहिता तर्जुमा गर्ने।

**(ख) तयारी चरणः**

(१) गाउँपालिका/नगरपालिका र वडामा बालमैत्री स्थानीय शासनको लागि संस्थागत प्रवन्ध (सम्पर्क शाखा, सम्पर्क व्यक्ति तोक्ने र जिम्मेवारी दिने) गर्ने।

(२) बालमैत्री स्थानीय शासन अवलम्बन गर्ने वडाहरू छनौट गर्ने।

(३) बालबालिकाको क्षेत्रमा काम गर्ने सरकारी तथा गैरसरकारी निकायबाट बालमैत्री स्थानीय शासन कार्यान्वयनका लागि स्रोत सहितको प्रतिबद्धता प्राप्त गर्ने।

(४) बालमैत्री स्थानीय शासन कार्यान्वयनको लागि लगानी योजना तयार गर्ने।

(५) बालकोष सञ्चालन कार्यविधि स्वीकृति, बालकोष स्थापना र सञ्चालन गर्ने।

(६) बालमैत्री स्थानीय शासन अवलम्बन गर्ने वडामा आवश्यकता अनुसार बाल क्लब, बाल सञ्जाल, टोल विकास संस्था/समुदायमा आधारित संस्थाहरूको गठन र परिचालन गर्ने।

**(ग) नीति तथा योजना तर्जुमा तथा कार्यान्वयनको चरणः**

(१) लगानी योजनामा आधारित भई बालमैत्री स्थानीय शासनका सूचक प्राप्त गर्न क्षेत्रगत क्रियाकलापहरूको तयारी गर्ने।

(२) छनोट भएका क्षेत्रगत क्रियाकलापहरूको लागि आवश्यक बजेट विनियोजन गर्ने।

(३) साझेदार र सरोकारवालाहरूको सञ्जाल निर्माण, समन्वय र सहकार्य गर्ने।
(४) स्वीकृत वार्षिक क्रियाकलापहरूको कार्ययोजना बनाई कार्यान्वयन गर्ने।
(५) बालमैत्री स्थानीय शासनका सूचक अनुसारको नतिजा प्राप्तिको सुनिश्चितता गर्ने।

**(घ) अनुगमन, मूल्याङ्कन र प्रतिवेदनको चरणः**

(१) वडा समिति, गाउँ/नगर स्तरीय समितिबाट सूचक पुरा भएको अवस्थामा सरोकारवालाहरू समेतको सहभागितामा अनुगमन र समीक्षा गरी प्रतिवेदन तयारी गर्ने।
(२) बालमैत्री स्थानीय शासनका सूचकका आधारमा स्थितिपत्र तयारी र सार्वजनिकीकरण गर्ने।
(३) बालमैत्री स्थानीय शासनको घोषणाको लागि तोकिएको निकायवाट अनुगमन गर्ने।
(४) वडा/स्थानीय तहबाट सूचक पुरा भएको प्रमाणीकरण गर्ने।
(५) बालमैत्री वडा/स्थानीय तह घोषणाका लागि तोकिएको निकायबाट अनुमति प्रदान गर्ने।

**(ङ) बालमैत्री वडा/गाउँपालिका/नगरपालिका घोषणा र दिगोपनाको चरणः**

(१) बालमैत्री वडा/गाउँपालिका/नगरपालिका घोषणा पश्चातको रणनीतिक योजना तर्जुमा गर्ने।
(२) बालमैत्री वडा घोषणा गर्न कार्यपालिका र गाउँपालिका/नगरपालिका घोषणा गर्न सम्बन्धित गाउँ/नगर सभाको निर्णय।
(३) बालमैत्री वडा/गाउँपालिका/नगरपालिका घोषणा।
(४) बालमैत्री वडा/गाउँपालिका/नगरपालिका घोषणा पश्चातको रणनीतिक योजना कार्यान्वयन।
(५) वार्षिक रुपमा प्रतिवेदन तयारी र प्रकाशन।
(६) बालमैत्री स्थानीय शासनका सूचकहरूको दिगोपनाको सुनिश्चितता।

## परिच्छेद ५

## बालमैत्री स्थानीय शासनको मूल्याङ्कन, विस्तार र स्रोत व्यवस्था

### ११. स्थानीय तहको मूल्याङ्कन

गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्ष बालमैत्री स्थानीय शासनका सूचकहरूको आधारमा आफ्नो स्थानीय तह र वडालाई मूल्याङ्कन गर्नु पर्नेछ। यसरी गरिएको मूल्याङ्कनको आधारमा यस निर्देशिका बमोजिम तटस्थ वा अवलम्बन वा उन्मुख वा बालमैत्री वडा/स्थानीय तहको रुपमा अवस्था उल्लेख गरी प्रतिवेदन समेत सार्वजनिक गर्नु पर्नेछ।

### १२. बालमैत्री स्थानीय शासन पद्धति अवलम्बन र विस्तार

(क) साविकमा घोषणा भएका बालमैत्री स्थानीय तह

साविकका ३४ जिल्ला विकास समिति, ३३ नगरपालिका र ९८२ गाउँ विकास समितिहरूले बालमैत्री स्थानीय शासन अवलम्वन गरेका थिए। यसमध्ये १ उपमहानगरपालिका, १ नगरपालिका र ११ गाउँ विकास समितिहरू बालमैत्री स्थानीय निकायको रुपमा घोषणा भएका र राज्य पुर्नसंरचना पश्चात हाल विभिन्न गाउँपालिका तथा नगरपालिकाहरुले साविकको रणनीति र सूचक अनुसार नै बालमैत्री वडा तथा स्थानीय तह घोषणा गर्दै आएका छन्।

(ख) बालमैत्री स्थानीय तह विस्तार

वि.सं. २०६८ मा शुरु भएको बालमैत्री स्थानीय शासन सञ्चालनमा भएका प्रयासहरू, स्थानीय तह तथा सम्बन्धित साझेदार निकायहरूको चासो र सहयोगी भूमिकाको आधारमा आर्थिक वर्ष २०८७।८८ सम्म देशका सबै स्थानीय तह बालमैत्री स्थानीय तह घोषणा गर्ने गरी कार्यक्रम सञ्चालन गरिनेछ। सबै स्थानीय तहले बालमैत्री स्थानीय तह घोषणा गर्ने अवधि सहितको कार्ययोजना तयार गरी कार्यान्वयनमा ल्याउनेछन्। यस कार्यमा तीनै तहका सरकारबाट विकास साझेदार, गैरसरकारी संघसंस्था, सामुदायिक संस्थातथा निजी क्षेत्रको परिचालन गर्ने नीति लिइनेछ।

<u>बालमैत्री स्थानीय वडा तथा तह घोषणाको योजना</u>

| स्थानीय तह/वर्ष | आ.व. २०७४/७५ * | आ.व. २०७८/७९ सम्म | आ.व. २०८१/८२ सम्म | आ.व. २०८४/८५ सम्म | आ.व. २०८७/८८ सम्म |
|---|---|---|---|---|---|

| | | | | | |
|---|---|---|---|---|---|
| नगरपालिका | २ | ६० | १३० | २३० | २९३ |
| गाउँपालिका | १० | १०० | २०० | ३५० | ४६० |
| गापा/नपाका वडा | १०८ | १४३२ | २९५५ | ५१९३ | ६७४३ |

* स्थानीय तहको पुनर्संरचना हुनु अगाडिको सङ्ख्या

## १३. बालमैत्री स्थानीय शासनमा सरोकारवाला निकायको भूमिका

बालमैत्री स्थानीय शासन कार्यान्वयनको मुख्य जिम्मेवारी गाउँपालिका तथा नगरपालिकाको रहनेछ। जिल्ला समन्वय समिति, प्रदेश सरकार र अन्तर्गतका निकायहरू तथा सङ्घीय सरकारका निकायहरूले स्थानीय तहको कार्यक्रमलाई प्रभावकारी बनाउन अनुगमन गरी पृष्ठपोषण दिनेछन्। यस्ता निकायको भूमिका अनुसूची-२ मा राखिएको छ।

## १४. वित्तीय स्रोत व्यवस्था

बालमैत्री स्थानीय शासन प्रवर्द्धनको लागि आवश्यक पर्ने बजेट स्थानीय तहले आफ्नो वार्षिक बजेटबाट व्यवस्थापन गर्नेछन्। नेपाल सरकार तथा प्रदेश सरकारले प्रदेश सरकार तथा स्थानीय तहलाई बालमैत्री स्थानीय शासनको प्रवर्द्धन गर्न सशर्त अनुदान उपलब्ध गराउन सक्नेछ। मन्त्रालयले बालमैत्री स्थानीय शासन प्रवर्द्धनमा सहयोग पुऱ्याउन विषयगत मन्त्रालय, विकास साझेदार तथा गैरसरकारी संस्थाहरूलाई परिचालन गर्न आवश्यक समन्वय र सहजीकरण गर्नेछ।

## १५. उपलब्धि मापनका न्यूनतम् सूचकहरू

बालमैत्री स्थानीय शासन कार्यान्वयनको अवस्था मापनका लागि ५१ वटा सूचकहरु रहेका छन्। यसका अतिरिक्त स्थानीय तहले स्थानीय आवश्यकता र सवालहरुलाई सम्बोधन गर्ने गरी थप सूचक समावेश गर्न सक्नेछ। स्थानीय तहहरूले अनुसूची ३ बमोजिमका सूचकहरुमा नतिजा प्राप्त गर्ने गरी योजना तथा कार्यक्रम सञ्चालन गर्नुपर्नेछ। सूचकहरुमा प्राप्त नतिजाको आधारमा वडा तथा स्थानीय तहलाई बालमैत्री वडा /स्थानीय तह घोषणा गरिनेछ।

## परिच्छेद ६

## बालमैत्री स्थानीय शासन सञ्चालनको संस्थागत व्यवस्था

### १६.बालमैत्री स्थानीय शासन गाउँ/नगर समिति

**(क) गठन**

गाउँ/नगरपालिकास्तरमा बालमैत्री स्थानीय शासन सञ्चालन गर्नका लागि देहाय बमोजिमको बालमैत्री स्थानीय शासन गाउँ/नगर समिति रहनेछ:

(१) अध्यक्ष /प्रमुख -अध्यक्ष

(२) उपाध्यक्ष/उप प्रमुख -उपाध्यक्ष

(३) प्रमुख प्रशासकीय अधिकृत, गाउँ/नगरपालिका -सदस्य

(४) वडाअध्यक्ष (सबै) - सदस्य

(५) गाउँ/नगर कार्यपालिका सदस्य (सबै) -सदस्य

(६) महाशाखा/शाखा प्रमुखहरु (स्वास्थ्य, शिक्षा, महिला तथा बालबालिका, खानेपानी तथा सरसफाइ, गैर सरकारी संस्था समन्वय - सदस्य

(७) महिला र बालबालिकाको क्षेत्रमा काम गर्ने स्थानीय गैर सरकारी संघसंस्था मध्येबाट अध्यक्ष वा प्रमुखले मनोनयन गरेको एक महिला सहित २ जना प्रतिनिधि -सदस्य

(८) स्थानीय विद्यालय र स्वास्थ्य व्यवस्थापन समितिहरु मध्येबाट अध्यक्ष/प्रमुखले मनोनयन गरेको १/१ जना प्रतिनिधि -सदस्य

(९) गाउँ/नगरपालिकामा कार्यरत महिला शिक्षिका र महिला स्वास्थ्य स्वयंसेविका मध्येबाट अध्यक्ष/प्रमुखले मनोनयन गरेको १/१ जना प्रतिनिधि - सदस्य

(१०) गाउँ/नगरपालिकास्तरीय बाल सञ्जालका अध्यक्ष सहित (२ जना) (कम्तिमा १ जना बालिका समेत) - सदस्य

(११) महिला र बालबालिकाको क्षेत्रमा काम गर्ने सामुदायिक संस्था वा समूहमध्ये अध्यक्ष/प्रमुखले तोकेको महिला प्रतिनिधि, (१ जना) –सदस्य

(१२) गाउँ/नगरपालिका क्षेत्रमा रहेका प्रहरी कार्यालयका प्रमुख १ जना -सदस्य

(१३) सामाजिक विकास महाशाखा/शाखा प्रमुख -सदस्य सचिव

यस समितिले आवश्यकता अनुसार सम्बन्धित क्षेत्रका विज्ञ तथा संस्थाका प्रतिनिधिहरुलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

**(ख) काम, कर्तव्य र जिम्मेवारी**

(१) बालमैत्री स्थानीय शासन सम्बन्धी गाउँ/नगरस्तरको नीति, रणनीति, कार्यविधि तयार गर्ने र यस पद्धतिको प्रवर्द्धन गर्न गाउँ/नगरपालिकालाई नीतिगत पृष्ठपोषण गर्ने,

(२) बालमैत्री स्थानीय शासन पद्धतिको प्रवर्द्धन गर्ने,

(३) बालमैत्री स्थानीय शासन पद्दतिको लागि पाश्र्वचित्र, लगानी योजना, वार्षिक कार्यक्रम तथा क्रियाकलापको तर्जुमा गर्न सहयोग गर्ने,

(४) बालमैत्री स्थानीय शासन प्रवर्द्धनको लागि गाउँ/नगरपालिकावाट स्वीकृत कार्यक्रमको कार्यान्वयनमा सहयोग गर्ने,

(५) वडा तथा समुदाय स्तरमा रहेको समितिको भूमिका प्रभावकारी बनाउन सहयोग गर्ने,

(६) बालक्लव तथा बालसञ्जाल गठन तथा परिचालनमा सहयोग गर्ने,

(७) स्थानीय तहमा बालबालिकाको क्षेत्रमा कार्यरत सरकारी निकाय एवम् गैर सरकारी संघसंस्थाबीच आवश्यक समन्वय गर्ने गराउने,

(८) बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यको अनुगमन र मूल्याङ्कन गर्ने, गराउने।

**१७. बालमैत्री स्थानीय शासन वडा समिति**

**(क) गठन**

वडास्तरमा बालमैत्री स्थानीय शासन सञ्चालन गर्नका लागि देहाय बमोजिमको बालमैत्री स्थानीय शासन वडा समिति रहनेछः

(१) वडा अध्यक्ष - अध्यक्ष

(२) वडा समितिका सदस्य (सबै) -सदस्य

३) वडामा रहेको स्वास्थ्य संस्थाका प्रमुख - सदस्य

(४) महिला र बालबालिकाको क्षेत्रमा कार्यरत स्थानीय गैरसरकारी संघसंस्था वा सामुदायिक संस्था वा टोल विकास संस्था मध्येबाट वडा अध्यक्षले मनोनयन गरेको प्रतिनिधि (२ जना) - सदस्य

(५) वडामा रहेका विद्यालय वा स्वास्थ्य व्यवस्थापन समिति मध्येबाट वडा अध्यक्षले मनोनयन गरेको प्रतिनिधि (३ जना) - सदस्य

(६) वडामा कार्यरत महिला स्वास्थ्य स्वयंसेविका - सदस्य

(७) वडास्तरीय बाल सञ्जालका अध्यक्ष सहित २ जना (कम्तिमा १ जना बालिका) .............................................................................................- सदस्य

(८) वडा सचिव –सदस्य-सचिव

यस समितिले आवश्यकता अनुसार सम्बन्धित क्षेत्रका विज्ञ तथा संस्थाका प्रतिनिधिहरुलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ।

**(ख) काम, कर्तव्य र जिम्मेवारी**

(१) बालमैत्री स्थानीय शासन सम्बन्धी वडास्तरको योजना तयार गर्न र यस पद्धतिको प्रवर्द्धन गर्न वडा समितिलाई सहयोग गर्ने,

(२) बालमैत्री स्थानीय शासन पद्धतिको प्रवर्द्धन गर्न समन्वयकारी भूमिका निर्वाह गर्ने,

(३) बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रम कार्यान्वयन गर्न समन्वय गर्ने,

(४) बालक्लव गठन तथा परिचालनमा सहयोग गर्ने,

(५) वडामा बालबालिकाको क्षेत्रमा कार्यरत सरकारी निकाय एवम् सामाजिक संघसंस्था र समुहबीच आवश्यक समन्वय गर्ने गराउने,

(६) बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यको अनुगमन गर्ने, गराउने।

**१८.बालमैत्री स्थानीय शासन समुदायस्तरीय समिति**

**(क) गठन**

बालमैत्री स्थानीय शासनलाई समुदायस्तरमा सञ्चालन गर्नका लागि देहाय बमोजिमको बालमैत्री समुदायस्तरीय समिति गठन गर्न सकिनेछ:

(१) वडा समितिले तोकेको वडा समितिको सदस्य –अध्यक्ष

(२) गाउँ/नगरपालिका/वडा समितिमा सूचीकृत भएका टोल विकास संस्था/सामुदायिक संस्था/आमा समूहका अध्यक्षहरु –सदस्य

(३) स्थानीय विद्यालय र स्वास्थ्य संस्थाका प्रतिनिधिहरु –सदस्य

(४) समुदायमा रहेका बाल समूहका अध्यक्षहरु –सदस्य

समितिको अध्यक्षले समितिका सदस्यहरु मध्येवाट एक जनालाई सचिव तोक्न सक्नेछ।

**(ख) समितिको काम, कर्तव्य र जिम्मेवारी**

(१) बालमैत्री स्थानीय शासन सम्बन्धी बस्तीस्तरको योजना तयार गर्न सहयोग गर्ने,

(२) बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रमको लागि आवश्यक पैरवी गर्ने,

(३) बाल अधिकारको प्रर्वद्धन हुने क्रियाकलाप तथा अभियानहरूमा सहयोग गर्ने,

(४) समूदायस्तरमा बालक्लव/बालसमूह गठन र परिचालनमा सहयोग गर्ने।

## परिच्छेद ७
## बालमैत्री स्थानीय शासन पद्धतिको छनौट, अवलम्बन र घोषणा

**१९.बालमैत्री स्थानीय शासन पद्धतिको छनौट**

बालमैत्री स्थानीय शासन प्रवर्द्धनको लागि गाउँरनगरपालिकाले आवश्यक कार्यक्रम सञ्चालन गर्नेछन्। बालमैत्री स्थानीय शासन कार्यान्वयन गर्ने वडाको छनौट सम्बन्धित गाउँ /नगरपालिकाले गर्नेछ। जिल्ला समन्वय समितिले जिल्ला भित्रका स्थानीय तहमा बालमैत्री स्थानीय शासन कार्यान्वयनको लागि समन्वय, सहजीकरण र उत्प्रेरणा जगाउने क्रियाकलाप सञ्चालन गर्नेछ।

**२०. बालमैत्री स्थानीय शासनको अवलम्बन**

स्थानीय तहहरूले बालबालिकाको अर्थपूर्ण सहभागिता सुनिश्चित गरी बालमैत्री स्थानीय तह कार्यान्वयनका चरणमा उल्लेख भएका विषयहरुलाई क्रमशः कार्यान्वयन गर्नुपर्नेछ। स्थानीय तहले बालमैत्री स्थानीय तह घोषणाको लागि तोकिएका सूचकहरुको नियमित अनुगमन तथा समीक्षा गरी प्रगति विवरण सार्वजनिक गर्नुपर्नेछ। बालमैत्री स्थानीय शासनका सूचकहरुलाई स्थानीय तहको नियमित प्रगति प्रतिवेदन तथा अनुगमन र समीक्षा गर्ने कार्यमा समावेश गर्नुपर्नेछ।

**२१. बालमैत्री स्थानीय तह घोषणा**

बालमैत्री स्थानीय तह घोषणाको लागि अनुसूची ३ उल्लेख भएका सूचकहरुको नतिजा प्राप्तीको आधारमा देहाय अनुसार तटस्थ सूचक, अवलम्बन, घोषणा उन्मुख सूचक र बालमैत्री वडा/स्थानीय तहको रुपमा वर्गीकरण गरिनेछ। तोकिएका सूचकमा ८० प्रतिशत भन्दा बढी अंक हासिल गर्ने वडा/स्थानीय तहलाई बालमैत्री वडा/स्थानीय तह घोषणा गरिनेछ। बालमैत्री स्थानीय तह घोषणा गर्नुअघि स्थानीय तहले सूचक प्राप्तीको सुनिश्चितताको लागि मूल्याङ्कनको प्रभावकारी व्यवस्था मिलाउनु पर्नेछ।

| स्थानीय तहको वर्गीकरण | आधारभुत सूचक | घोषणाको स्वीकृति दिने निकाय | कैफियत |
|---|---|---|---|
| बालमैत्री वडा | ८०% वा सोभन्दा बढी | वडा समितिको सिफारिसमा | ८०% वा सोभन्दा बढी |

| | | | |
|---|---|---|---|
| | | कार्यपालिकाको वैठक | |
| बालमैत्री उन्मुख वडा | ७०% देखि ७९% सम्म | वडा प्रतिवेदनको आधारमा कार्यपालिका बैठक | प्रत्येक सूचकको लागि तोकिएको अंकभारको आधारमा |
| बालमैत्री स्थानीय तह | ८०% वा सोभन्दा वढी | प्रदेश सरकार | प्रत्येक सूचकको लागि तोकिएको अंकभारको आधारमा |
| बालमैत्री उन्मुख स्थानीय तह गापा/नपा) | (७०% देखि ७९% सम्म | कार्यपालिका बैठक | प्रत्येक सूचकको लागि तोकिएको अंकभारको आधारमा |
| बालमैत्री स्थानीय शासन अवलम्बन गरेको स्थानीय तह | ५०% देखि ६९% सम्म | कार्यपालिका बैठक | प्रत्येक सूचकको लागि तोकिएको अंकभारको आधारमा |
| बालमैत्री तटस्थ स्थानीय तह | ५०% भन्दा कम | बालमैत्री स्थानीय शासन अबलम्वन नगरेको स्थानीय तह | प्रत्येक सूचकको लागि तोकिएको अंकभारको आधारमा |

**२२. पुरस्कार र सम्मानको व्यवस्था**

प्रदेश सरकारर गाउँपालिका/नगरपालिकाबाट बालमैत्री स्थानीय तह घोषणा भएका वडा/गाउँपालिका/नगरपालिकाहरुलाई सम्मान र पुरस्कार प्रदान गर्न तथा त्यस्ता वडा तथा स्थानीय तहमा थप कार्यक्रम सञ्चालन गर्न सक्नेछन्।

**२३. घोषणापछिको अनुगमन सम्बन्धी व्यवस्था**

बालमैत्री घोषणा भएका वडा/स्थानीय तहहरुको घोषणाको दिगोपनाको लागि घोषणाको स्वीकृति दिने निकाय तथा मन्त्रालय, प्रदेश सरकार र तीनका निकायहरुबाट समय समयमा अनुगमन गरी आवश्यक सल्लाह, सुझाव र पृष्ठपोषण प्रदान गर्नेछन्।

## परिच्छेद ८

## विविध

**२४. स्थानीय कार्यविधि बनाउन सक्ने**

यस निर्देशिकालाई प्रभावकारी रुपमा कार्यान्वयनमा ल्याउन सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले आवश्यक कार्यविधि बनाउन सक्नेछ। साथै स्थानीय तहले बालमैत्री स्थानीय शासनका सूचकहरु प्राप्तिमा सहयोग पुऱ्याउन यस निर्देशिकाको अधिनमा रही आन्तरिक कार्यविधि बनाउन सक्नेछन्।

**२५. निर्देशिकाको व्याख्या**

यस निर्देशिकाको कार्यान्वयनको शिलशिलामा कुनै द्विविधा उत्पन्न भएमा सोको व्याख्या तथा सहजीकरण सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गर्नेछ।

अनुसूची १

बालमैत्री स्थानीय शासन कार्यान्वयनकोरणनीतिक ढाँचा

(दफा ९ सँग सम्बन्धित)

| क्र.स. | कार्यान्वयन रणनीति | कार्यनीति | कार्यजिम्मेवारी |
|---|---|---|---|
| १ | मूलप्रवाहीकरण | (१) बाल अधिकारको बिषयलाई स्थानीय तहको नीति, योजना, कार्यक्रम र कार्यपद्धतिमा समाहित गरिनेछ।<br>(२) बालमैत्री तरिकाले योजना तथा कार्यक्रम सञ्चालन भए नभएको, अपेक्षित उपलब्धि हासिल भए नभएको सम्बन्धमा परीक्षणको विधि अवलम्बन गरिनेछ।<br>(३) वालमैत्री स्थानीय शासनको उपलब्धिको सम्बन्धमा वार्षिक रुपमा स्थिति पत्र तयार गर्ने र प्राप्त उपलब्धीलाई दिगो बनाउन आवश्यक कार्यक्रमहरू तर्जुमा गरिनेछ। | • सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय<br>• बालबालिकासँग सम्बन्धित प्रादेशिक मन्त्रालय<br>• स्थानीय तह<br>• स्थानीय बाल अधिकार समिति |
| २ | नीतिगत वकालत पैरवी र सचेतना | (१) नेपाल सरकार, प्रदेश सरकार एवम् स्थानीय तहका नीति निर्माण एवम् विकास प्रयासमा बालबालिकाको हकहितलाई स्थापित गराउन नीतिगत वकालत गरिनेछ।<br>(२) बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रम सञ्चालन गर्न स्थानीय तहले आवश्यक पर्ने नियम, कार्यविधि र निर्देशिका तर्जुमा गरी कार्यान्वयन एवम् अनुगमन, मूल्याङ्कन गर्ने, गराईनेछ।<br>(३) विद्यमान कानुनलाई बालमैत्री अनुकूल हुनेगरी संशोधन गर्न सघाउ पुऱ्याईनेछ। | • सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय<br>• बालबालिकासँग सम्वन्धित प्रादेशिक मन्त्रालय तथा अन्य विषयगत मन्त्रालय<br>• स्थानीय तह<br>• स्थानीय बाल अधिकार समिति<br>• बालमैत्री स्थानीय |

| | | | |
|---|---|---|---|
| | | (४) गाउँपालिका तथा नगरपालिकाको विपद् व्यवस्थापन योजनामा बालबालिकाको आवश्यकता र चासोलाई समावेश गरिनेछ।<br>(५) बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रम सञ्चालनको लागि केन्द्रीय, प्रादेशिक तथा स्थानीय स्तरबाट लगानीको वातावरण तयार गरिनेछ।<br>(६) स्थानीय, प्रादेशिक, राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय विकास मञ्चहरूमा बालमैत्री शासनको अवधारणालाई स्थापित गर्न पहल गरिनेछ।<br>(६) राष्ट्रिय तथा अन्तर्राष्ट्रिय स्तरमा भएका बालबालिका सम्बन्धी महासन्धि, अभिसन्धि, प्रतिबद्धता, सम्झौता, कानुन एवम् नीतिगत प्रावधानहरूको सम्प्रेषण गरिनेछ। | शासन स्थानीय समिति<br>• विकास साझेदारहरू<br>• बालबालिकाका क्षेत्रमा कार्यरत गैर सरकारी संस्था |
| ३ | संस्थागत विकास | (१) बालमैत्री स्थानीय शासन पद्धतिको विकासका सन्दर्भमा गाउँपालिका, नगरपालिका र तिनका वडाहरूलाई प्रमुख रुपमा उत्तरदायी संस्थाको रुपमा विकास गरिनेछ।<br>(२) जिल्ला समन्वय समितिले नीतिगत र संस्थागत समन्वयकारी भूमिका निर्वाह गर्ने प्रणालीको विकास गरिनेछ।<br>(३) समुदायस्तरमा बालमैत्री स्थानीय शासनको लागि आवश्यक संस्थागत संयन्त्रको विकास गरिनेछ।<br>(४) बालमैत्री स्थानीय शासन समुदाय, वडा, गाउँपालिका र नगरपालिका तहका | • सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय,<br>• बालबालिकासँग सम्बन्धित प्रादेशिक<br>• स्थानीय तह<br>• स्थानीय बाल अधिकार समिति<br>• विकास साझेदारहरू<br>• बालबालिकाका क्षेत्रमा कार्यरत गैर सरकारी संस्था<br>• सामुदायिक संस्था |

| | | | |
|---|---|---|---|
| | | समितिहरूको संस्थागत क्षमता विकास गरिनेछ।<br>(५) बालमैत्री स्थानीय शासनको प्रवर्द्धनका लागि विभिन्न तह र क्षेत्रका शासकीय एकाइहरूमा बालमैत्री विषय हेर्न साङ्गठनिक संरचनाको व्यवस्था मिलाईनेछ।<br>(६) बाल क्लवको सूचीकृत गर्ने, सञ्जाल निर्माण गर्ने र साथै उनीहरूको क्षमता विकासमा प्रोत्साहन गर्दै स्थानीय तहमा अनौपचारिक संयन्त्र निर्माण गरी बालबालिका सम्बन्धी सवालहरूलाई प्रकाशमा ल्याईनेछ।<br>(७) स्थानीयस्तरमा स्थापना भएका स्वास्थ्य संस्था व्यवस्थापन समिति, विद्यालय व्यवस्थापन समिति, जिल्ला/गाउँ/नगर/ वडास्तरीय बाल संजाल, खानेपानी उपभोक्ता समिति, सामुदायिक वन जस्ता सामुदायिक संस्था र गैरसरकारी संस्था लगायतका साझेदार निकायहरूको बीचमा सामञ्जस्यता कायम गरी यस कार्यान्वयन निर्देशिकामा उल्लेख भएका सूचकहरू प्राप्तिका लागि पहल गरिनेछ।<br>(८) समुदायमा आधारित बाल संरक्षण प्रणाली एवम् संस्थाहरूको स्थापना गरी यस प्रक्रियामा आबद्ध गरिनेछ।<br>(९) बालबालिकासँग प्रत्यक्ष सरोकार राख्ने संरचनाहरूमा संस्थागत बाल प्रतिनिधित्वको सुनिश्चित गरिनेछ। | |

| | | | |
|---|---|---|---|
| ४ | क्षमता विकास | (१) विभिन्न तहका साझेदार र सहयोगी निकायहरूबीच कार्यगत सञ्जाल निर्माण गरिनेछ।<br>(२) बालमैत्री योजना तथा कार्यक्रम सञ्चालन गर्न आवश्यक पर्ने आर्थिक तथा प्राविधिक सहयोग उपलव्ध गरिनेछ।<br>(३) स्थानीय तहको योजना प्रक्रियामा बालमैत्री स्थानीय शासनको सूचक प्राप्तिमा सहयोग गर्ने कार्यक्रमलाई पहिलो प्राथमिकतामा (Children First)सञ्चालन गरिनेछ।<br>(४) तालिम, गोष्ठी, अवलोकन भ्रमण एवम् अनुभव आदान प्रदान तथा अध्ययन, अनुसन्धान जस्ता क्रियाकलापको माध्यमबाट बालबालिका तथा बालमैत्री स्थानीय शासनसँग सम्बन्धित निकायका पदाधिकारी तथा कर्मचारीहरूको क्षमता विकास गरिनेछ।<br>(५) केन्द्र, प्रदेश तथा स्थानीय तहमा विज्ञ, स्रोत व्यक्ति एवम् प्रशिक्षकहरूको सूची तयारी तथा परिचालन गरिनेछ।<br>(६) राष्ट्रिय तथा स्थानीय भाषाहरूमा प्रशिक्षण सामाग्री तयार गरिनेछ।<br>(७) सङ्घीय मन्त्रालय, प्रदेश सम्पर्क मन्त्रालय र गाउँपालिका र नगरपालिकामा बालमैत्री स्थानीय शासन स्रोत केन्द्र स्थापना गरी बालमैत्री स्थानीय शासनको प्रवर्द्धन गरिनेछ। | • सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय<br>• बालबालिकासँग सम्बन्धित प्रादेशिक मन्त्रालय तथा अन्य विषयगत मन्त्रालय<br>• स्थानीय तह<br>• स्थानीय बाल अधिकार समिति<br>• विकास साझेदारहरू<br>• बालबालिकाका क्षेत्रमा कार्यरत गैर सरकारी संस्था<br>• विकास साझेदाहरू |

| | | | |
|---|---|---|---|
| ५ | सहकार्य र साझेदारी प्रवर्द्धन | (१) बाल अधिकारको संरक्षण सम्बन्धी योजना तर्जुमा, कार्यान्वयन तथा अनुगमन र मूल्याङ्कनमा स्थानीय विकासका साझेदार तथा अन्तर्राष्ट्रिय विकास समुदायसँगको सहकार्य र साझेदारीलाई व्यापक तुल्याईनेछ।<br>(२) बालमैत्री स्थानीय शासनको सन्दर्भका सरकारी तथा गैरसरकारी क्षेत्रबाट सञ्चालन हुने कार्यक्रम सम्बन्धित स्थानीय तहको नेतृत्वमा कार्यान्वयन गरिनेछ।<br>(३) विभिन्न साझेदार निकायको सफल कार्यपद्धतिको अनुशरण गरिनेछ। | • सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय<br>• स्थानीय तहसँग सम्बन्धित प्रादेशिक मन्त्रालय<br>• स्थानीय तह<br>• स्थानीय बाल अधिकार समिति<br>• विकास साझेदार |
| ६ | समुदाय परिचालन | (१) बालअधिकारको विषयलाई प्रभावकारी बनाउन आवश्यकता अनुसार समूदाय स्तरमा समूह निर्माण तथा परिचालन गरिनेछ<br>(२) समुदाय स्तरका संस्थाको क्षमता विकासका लागि विशेष कार्यक्रम सञ्चालन गरिनेछ।<br>(३) बाल अधिकारको क्षेत्रमा अभियानमूलक कार्यक्रम सञ्चालनका लागि समुदाय स्तरका संस्था तथा समूहलाई परिचालन गरिनेछ।<br>(४) सामाजिक सचेतना तथा सामाजिक कुरिती तथा अन्धविश्वासका विरुद्धमा हुने अभियानमूलक कार्यक्रममा बालमैत्री स्थानीय स्थानीय शासनका विषयलाई समावेश गरिनेछ। | • स्थानीय तह र तिनका विषयगत शाखा<br>• स्थानीय बाल अधिकार समिति<br>• विकास साझेदार<br>• बालक्लव<br>• बालबालिकाको क्षेत्रमा कार्यरत गैर सरकारी संस्था |
| ७ | सामाजिक | (१) प्रदेश तथा स्थानीय तहलाई बालबालिकाको | • प्रदेशका विषय |

| | | | |
|---|---|---|---|
| | जवाफदेहीता र पारदर्शिता | लागि लगानी योजना बनाई सञ्चालन गर्न अभिप्रेरित गरिनेछ।<br>(२) बालबालिका सम्बन्धी योजनामा आवश्यक बजेट विनियोजन गरिने तथा विनियोजित बजेटको लेखाजोखा गर्ने संयन्त्र निर्माण गरिनेछ।<br>(३) बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रम सञ्चालनको लागि आवश्यक नीति, निर्देशिका, कार्यविधि तथा आचारसंहिता तर्जुमा र कार्यान्वयन गरी सार्वजनिक जवाफदेहिता पुरा गरिनेछ।<br>(४) बालमैत्री स्थानीय शासनको प्रवर्द्धनको लागि सरकारी तथा गैरसरकारी निकायबाट सञ्चालित कार्यक्रम तथा परिचालन हुने स्रोतको जानकारी नियमित रुपमा सार्वजनिक गरिनेछ।<br>(५) बालमैत्री स्थानीय शासनको प्रभावकारिताका सम्बन्धमा सार्वजनिक सुनुवाई, सामाजिक परीक्षण, सार्वजनिक परीक्षण जस्ता विधिहरूको अवलम्बन गरिनेछ। | मन्त्रालय<br>• स्थानीय तह<br>• स्थानीय बाल अधिकार समिति<br>• विकास साझेदार<br>• बालबालिकाको क्षेत्रमा कार्यरत गैर सरकारी संस्था |
| ८ | समतामूलक कार्यक्रम | (१) सवै वर्ग, क्षेत्र, लिङ्ग र समुदायका साथै अशक्त, असहाय, अपाङ्गता भएका बालबालिकाको आवश्यकता सम्बोधन हुने गरी विशेष कार्यक्रम सञ्चालन गरिनेछ।<br>(२) बालमैत्री स्थानीय शासनका संरचनामा आर्थिक, सामाजिक वा शैक्षिक दृष्टीले पछाडि परेका समुदायका बालिकाहरूको | • बालबालिकासँग सम्बन्धित प्रादेशिक मन्त्रालय<br>• स्थानीय तह<br>• स्थानीय बाल अधिकार समिति<br>• विकास साझेदार |

| | | | |
|---|---|---|---|
| | | समानुपातिक प्रतिनिधित्वको व्यवस्था गरिनेछ। | |
| ९ | सूचना, शिक्षा र सञ्चारको माध्यमबाट व्यवहार परिवर्तन | (१) बालमैत्री स्थानीय शासनको अवधारणा अनुसार बालबालिकाप्रति समान धारणा बनाउन र उनीहरूको अधिकार र हितप्रतिको संवेदनशीलतामा सहयोग पुर्याउने श्रव्य–दृष्य सामग्री उत्पादन एवम् प्रचार प्रसार गरिनेछ।<br>(२) विद्यालयस्तरको पाठ्यक्रममा बालअधिकारको विषय समावेश गराईनेछ।<br>(३) बालमैत्री स्थानीय शासनको अवधारणा, नीति तथा कार्यक्रमहरूको सम्प्रेषणका लागि रेडियो, टेलिभिजन, पत्रपत्रिका, सामाजिक सञ्जाल जस्ता प्रिन्ट तथा ईलेक्ट्रोनिक सञ्चार माध्यमहरूको उपयोग गरिनेछ।<br>(४) बालबालिकाको क्षेत्रमा काम गर्ने निकायहरूको वेवसाइटमा बालमैत्री स्थानीय शासनका उपयोगी सामग्री राखी प्रचार प्रसार गरिनेछ। | • सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय<br>• प्रदेश सामाजिक विकास मन्त्रालय<br>• स्थानीय तह<br>• स्थानीय बाल अधिकार समिति<br>• स्थानीय तहको शिक्षा र सूचना शाखा |
| १० | अनुगमन तथा मूल्याङ्कन | (१) बालमैत्री स्थानीय शासन सम्बन्धी न्यूनतम् सूचकका बारेमा सरोकारवालाहरूलाई जानकारी गराउने र सञ्चालित कार्यक्रमहरूको प्रभावकारिता र नतिजा अनुगमन गरिनेछ।<br>(२) स्थानीय तहहरूबाट बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रमहरू सञ्चालन गर्न स्वयम् जिम्मेवार हुने संयन्त्रको विकास गरी | • सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबालबालिकासँग सम्बन्धित प्रादेशिक मन्त्रालय<br>• स्थानीय तह<br>• स्थानीय बाल अधिकार समिति |

| | | | |
|---|---|---|---|
| | | सहभागितामूलक अनुगमन गरिनेछ।<br>(३) सरकारी तथा गैर सरकारी निकायबाट सम्पादित कामको अनुगमन तथा मुल्याङ्कन गर्दा बालमैत्री स्थानीय शासन सम्बन्धी सूचकहरू समेत समावेश गर्ने व्यवस्था मिलाईनेछ।<br>(४) बालमैत्री स्थानीय शासनको क्षेत्रमा उत्कृष्ट काम गर्ने बाल समूह, सामुदायिक संस्था, वडा, गाउँपालिका वा नगरपालिका, विकास साझेदार संस्था र व्यक्तिलाई सङ्घ, प्रदेश वा स्थानीय तहबाट प्रोत्साहन तथा पुरस्कृत गरिनेछ। | • विकास साझेदार<br>• बालबालिकाका क्षेत्रमा कार्यरत गैर सरकारी संस्था<br>• स्वतन्त्र पेशागत समूह |

**द्रष्टव्यः** स्थानीय तहले स्थानीय आवश्यकता अनुसार उल्लिखित रणनीतिक ढाँचाको कार्यान्वयनको लागि कार्यनीति तय गर्न सक्नेछन्।

## अनुसूची २
## बालमैत्री स्थानीय शासनसँग सम्बन्धित निकायहरुको भूमिका
## (दफा १३ सँग सम्बन्धित)

बालमैत्री स्थानीय शासनलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्ने सन्दर्भमा यस निर्देशिकासँग प्रत्यक्ष सम्बन्धित सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, प्रदेश सरकार तथा स्थानीय तह र यी अन्तर्गतका निकायहरुको भूमिका देहाय बमोजिम हुनेछ।

**(क) सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको भूमिका**

(१) बालमैत्री स्थानीय शासन सम्बन्धी नीति, योजना, कार्यक्रम तथा रणनीति तर्जुमाका लागि सम्पर्क मन्त्रालयका रुपमा कार्य गर्ने,

(२) प्रदेश तथा स्थानीयस्तरमा बालमैत्री स्थानीय शासनको अवधारणा लागू गर्न सहयोग, समन्वय र सहजीकरण गर्ने,

(३) स्थानीय तहको वार्षिक योजनामा बालमैत्री स्थानीय शासनलाई प्राथमिकताका साथ समावेश गराउन प्रोत्साहित गर्ने,

(४) स्थानीय तहको योजना प्रक्रियामा बालबालिकाका सवालहरुलाई समावेश गराउन सहयोग गर्ने,

(५) बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यको अनुगमन र मूल्याङ्कन गर्ने, गराउने,

(६) प्रदेश/स्थानीय तहलाई प्राविधिक सहयोग र पृष्ठपोषण उपलव्ध गराउने।

**(ख) स्थानीय तहको प्रदेश सम्पर्क मन्त्रालयको भूमिका**

(१) बालमैत्री स्थानीय शासन सम्बन्धी प्रदेशस्तरीय नीति, योजना कार्यक्रम तथा रणनीति तर्जुमा गर्ने

(२) प्रदेशस्तरमा बालमैत्री स्थानीय शासनको अवधारणा लागू गर्न सहयोग र समन्वय गर्ने,

(३) स्थानीय तहको वार्षिक योजनामा बालमैत्री स्थानीय शासनलाई प्राथमिकताका साथ समावेश गर्न प्रोत्साहित गर्ने,

(४) प्रदेश तथा स्थानीय तहको योजना प्रक्रियामा बालबालिकाका सवालहरुलाई समावेश गराउने र बालमैत्री स्थानीय शासनका विषयहरुलाई प्रदेश तथा स्थानीय तहको अनुगमन सूचकमा समावेश गर्ने,

(५) बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यको प्रदेशबाट अनुगमन र मूल्याङ्कन गर्ने, गराउने,

(६) बालमैत्री स्थानीय शासन सम्बन्धमा क्षमता विकासका कार्यक्रमहरु सञ्चालन गर्ने गराउने,

(७) बालमैत्री स्थानीय शासनका क्षेत्रमा कार्य गर्ने गैर सरकारी संस्था वा निकायको कार्यक्रमको समन्वय र सहजीकरण गर्ने।

(८) आवश्यकता अनुसार स्थानीय तहलाई सहजीकरण र पृष्ठपोषण उपलव्ध गराउने।

(९) प्रदेश स्तरका विषयगत मन्त्रालयहरु र निकायहरुलाई बालमैत्री स्थानीय शासनको प्रवर्द्धनमा परिचालन गर्ने,

(१०) बालमैत्री स्थानीय तह घोषणाको लागि स्वीकृति दिने।

**(ग) सामाजिक विकास मन्त्रालयको भूमिका**

(१) प्रदेश तहको आवधिक तथा वार्षिक योजना र क्षेत्रगत योजनामा बालमैत्री स्थानीय शासनको अवधारणालाई सहयोग पुग्ने क्रियाकलाप समावेश गर्न समन्वय तथा पहल गर्ने,

(२) बालअधिकारको विषयलाई अन्तरसम्बन्धित विषयको रुपमा कार्यान्वयन गर्ने, गराउने,

(३) प्रदेश कानून तथा स्थानीय तहसँग सम्बन्धित कानून तर्जुमा एवम् परिमार्जन गर्दा बाल अधिकार सम्बन्धी विषयलाई ध्यान दिने,

(४) बालमैत्री स्थानीय शासन पद्धतिको प्रर्वद्धन तथा प्रोत्साहनका लागि प्रदेश मातहतका निकायहरुको बजेट तथा कार्यक्रम बालमैत्री भए नभएको लेखाजोखा गर्ने,

(५) प्रदेश तथा स्थानीय तहबाट निर्माण हुने भौतिक पूर्वाधारहरु बालमैत्री वनाउन आवश्यक नीति एवम् मार्गदर्शन गर्न समन्वय गर्ने,

(६) बालमैत्री स्थानीय शासन सम्बन्धमा भएका कार्यको अनुगमन र मूल्याङ्कन गर्ने, गराउने।

**(घ) जिल्ला समन्वय समितिको भूमिका**

(१) स्थानीय स्तरका सरोकारवालासँग समन्वय र साझेदारी विकास गरी बालमैत्री स्थानीय शासन सञ्चालनमा गाउँ/नगरपालिकालाई सहयोग गर्ने,

(२) बालमैत्री स्थानीय शासन सम्बन्धी स्थानीय तहमा सञ्चालित कार्यक्रमहरुको अनुगमन गर्न्ने गराउने,

(३) बालमैत्री स्थानीय तह घोषणाको लागि स्थलगत अनुगमन गरी प्रदेशको स्थानीय तहको सम्पर्क मन्त्रालयमा प्रतिवेदन दिने,

(४) बालमैत्री स्थानीय शासनको आवधिक समीक्षा गरी कार्यक्रम सञ्चालनमा देखा परेका समस्याहरु समाधानमा गाउँ/नगरपालिकालाई सहयोग गर्ने,

**(ङ) गाउँपालिका/नगरपालिकाको भूमिका**

(१) बालमैत्री स्थानीय शासन सम्बन्धी स्थानीय नीति तर्जुमा गर्ने,

(२) बालमैत्री स्थानीय शासन सम्बन्धी नीतिलाइ वार्षिक एवम् आवधिक योजनामा समावेश गर्ने,

(३) वडा समितिको प्रतिबद्धता, गरिबी नक्साङ्कन, बालक्लवहरु गठन तथा क्रियाशीलता जस्ता विषयलाई आधार मानी बालमैत्री वडा घोषणा गर्ने गरी कार्यक्रम सञ्चालन गर्ने।

(४) बालमैत्री स्थानीय शासन प्रवर्द्धनको लागि लगानी योजना अनुसार योजना तथा कार्यक्रम तर्जुमा र सञ्चालन गर्ने,

(५) सरकारी तथा गैरसरकारी निकायबाट स्थानीय तहमा सञ्चालन हुने बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रमहरु समन्वयात्मक ढंगबाट सञ्चालन गर्ने गराउने,

(६) आवश्यकता अनुसार बालसञ्जाल तथा बाल क्लव/समुह गठन, विकास र परिचालन गर्ने,

(७) बालमैत्री स्थानीय शासनको आवधिक प्रगति समीक्षा गर्ने, बाल क्लव/समुह तथा सञ्जालहरुलाई सूचीकृत गरी तथ्याङ्क अद्यावधिक गर्ने,

(८) स्थानीय तहको पूर्वाधार तथा सामाजिक विकासका संरचना र सेवा प्रवाहलाई बालमैत्री बनाउन नीतिगत व्यवस्था मिलाउने।

(९) बालमैत्री स्थानीय शासन प्रवर्द्धनको लागि संस्थागत प्रबन्ध गर्ने,

(१०) बालमैत्री स्थानीय तह घोषणाका लागि सूचक अनुसार तथ्याङ्क अद्यावधिक र प्रमाणिकरण गर्ने।

(११) बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रमहरुको अनुगमन तथा मूल्याङ्कन गर्ने,

(१२) वडालाई बालमैत्री घोषणा गर्न आवश्यक सहयोग, समन्वय, अनुगमन र स्वीकृति प्रदान गर्ने।

(१३) बालमैत्री स्थानीय तह घोषणाको प्रतिवेदन सङ्घीय सरकार तथा प्रदेश सरकारको सम्बन्धित सम्पर्क मन्त्रालयमा पठाउने,

(१४) बालमैत्री वडा/स्थानीय तह घोषणा पश्चात सोको दिगोपनाको सुनिश्चितता हुने गरी क्रियाकलापहरु सञ्चालन गर्ने।

**(च) गाउँ/नगर वडा समितिको भूमिका**

(१) गाउँ/नगरपालिकावाट प्राप्त मार्गदर्शन, नीति तथा कार्यक्रमहरु लागू गर्ने,

(२) बालमैत्री स्थानीय शासन सम्बन्धी क्रियाकलपाहरु तयार गरी गाउँ/नगरपालिकामा पेश गर्ने,

(३) बालमैत्री स्थानीय शासन प्रवर्द्धनको लागि आवश्यकता अनुसार सम्पर्क व्यक्ति तोक्ने,

(४) सरकारी तथा गैरसरकारी निकायबाट सञ्चालन हुने बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रमहरु समन्वयात्मक ढंगबाट सञ्चालन गर्ने गराउने,

(५) वडामा सञ्चालित बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रमहरुको अनुगमन गर्ने,

(६) बाल क्लव/समुह तथा सञ्जालहरुको विकासमा सहयोग पु¥याउने,

(७) वडाबाट हुने विकास निर्माण तथा सेवा प्रवाहलाई बालमैत्री बनाउने।

(८) बाल क्लव/समुह तथा सञ्जालहरुलाई आफ्नो वडामा सूचीकृत गरी तथ्याङ्क अद्यावधिक गर्ने

(९) बालमैत्री वडा घोषणाको लागि हुने अनुगमनमा सहयोग गर्ने,

(१०) बालमैत्री वडा घोषणाको लागि सूचक अनुसारका क्रियाकलापहरुको प्रगति अद्यावधिक गर्ने, अनुगमन गर्ने र कार्यपालिकामा प्रतिवेदन पेश गर्ने,

(११) बालमैत्री वडा घोषणा पश्चात सोको दिगोपनाको सुनिश्चितता हुने गरी क्रियाकलापहरु सञ्चालन गर्ने।

**(छ) बालबालिकाको क्षेत्रमा कार्यरत विकास साझेदार र गैरसरकारी संस्थाहरुको भूमिका**

(१) बालमैत्री स्थानीय शासन पद्धतिको प्रवर्द्धन गर्न सहयोग गर्ने,

(२) बालमैत्री स्थानीय शासन पद्धतिको विकास र विस्तारको लागि संस्थागत क्षमता विकासमा सहयोग गर्ने,

(३) नेपाल सरकारको नीति बमोजिम स्थानीय तहहरुलाई बालमैत्री स्थानीय शासन कार्यान्वयन गर्न सहयोग पुर्याउने,

(४) बालमैत्री स्थानीय शासन प्रवर्द्धनको लागि स्रोतको परिचालन गर्न सहयोग गर्ने।

# अनुसूची ३

## बालमैत्री स्थानीय शासनका न्यूनतम सूचकहरू

(दफा २१ सँग सम्बन्धित)

| क्र.स. | सूचक | विद्यमान अवस्था | घोषणा गर्न न्यूनतम अंक |
|---|---|---|---|
| क | बाल बचाऊ | | |
| १ | गर्भवती महिलाहरुले कम्तिमा प्रसूति पूर्व चारपटक र प्रसूति पश्चात आमा र नवजात शिशुको कम्तिमा ३ पटक स्वास्थ्य जाँच गराएका हुनेछन्। | | ९५ प्रतिशत |
| २ | गर्भवती महिलाले टिटानस विरुद्धको २ वटा खोप लगाएका हुनेछन्। | | ९५ प्रतिशत |
| ३ | गर्भवती तथा सुत्केरी आमाहरुले आईरन चक्की (जम्मा २२५ वटा) खाएका हुनेछन्। | | ९५ प्रतिशत |
| ४ | दक्ष स्वास्थ्यकर्मीबाट सुत्केरी गराइएका हुनेछन्। | | ८० प्रतिशत |
| ५ | ६ महिनासम्मको शिशुलाई आमाले अनिवार्यरुपमा पूर्ण स्तनपान गराएका हुनेछन्। | | ८० प्रतिशत |
| ६ | छ महिनादेखि पाँच वर्षमुनिका सबै बालबालिकालाई वर्षको २ पटक भिटामिन ए क्याप्सुल खुवाइएको हुनेछ। | | १०० प्रतिशत |
| ७ | एक वर्ष भित्रका प्रत्येक बालबालिकाले नेपाल सरकारले तोकेका सबै र पूर्ण खोप प्राप्त गरी पूर्ण खोपयुक्त घोषण भएको हुनेछ। | | १०० प्रतिशत |
| ८ | एच्आईभी संक्रमित आमाबाट जन्मिएका सबै बालबालिकाले ARV Prophyaixis पाएका हुनेछन्। | | १०० प्रतिशत |
| ९ | सबै घरपरिवारले आयोडिनयुक्त नुनको प्रयोग गरेका हुनेछन्। | | १००प्रतिशत |
| १० | कमतौल, पुड्को र ख्याउटेपन हुने पाँचवर्ष मुनिका बालबालिकाहरूको संख्यामा कमी आएको हुनेछ। | | ८० प्रतिशत |

| क.स. | सूचक | विद्यमान अवस्था | घोषणा गर्न न्यूनतम अंक |
|---|---|---|---|
| ११ | अति कडा कुपोषण भएका बालबालिकाको संख्या शून्य भएको हुनेछ। | | १०० प्रतिशत |
| १२ | सबै घरधुरीमा आधारभूत तहको खानेपानीको सुविधा उपलब्ध भएको हुनेछ। | | १०० प्रतिशत |
| १३ | चर्पी गएपछि, बालबालिकाको दिसा धोएपछि र खाना खानु/खुवाउनु अघि साबुन पानीले हात धुने परिपाटीको विकास भएको हुनेछ। | | १०० प्रतिशत |
| १४ | प्रत्येक घरपरिवारले शौचालयको प्रयोग भएको तथा खुला दिसामुक्त घोषणा भएको हुनेछ। | | १०० प्रतिशत |
| **ख** | बाल संरक्षण | | |
| १५ | ५ वर्ष मुनिका सबै बालबालिकाको जन्म दर्ता भएको हुनेछ। | | १०० प्रतिशत |
| १६ | निकृष्ट प्रकारको बाल श्रम अन्त्य गर्दै प्रभावित बालबालिकाको पुनर्स्थापनाभएको हुनेछ। | | १०० प्रतिशत |
| १७ | स्थानीय तह बाल विवाह मुक्त भएको हुनेछ। | | १०० प्रतिशत |
| १८ | घरपरिवार, समुदाय, सार्वजनिक स्थान (विद्यालय, सामाजिक चाडपर्व, भेला) मा बालबालिका विरुद्ध हुने हिंसा, वेचबिखन, शोषण, बेवास्ता र दुर्व्यवहारमा कमी आएको हुनेछ। | | ८० प्रतिशत |
| १९ | समुदायमा आधारित बाल संरक्षण प्रणाली स्थापित भई सञ्चालनमा ल्याइएको हुनेछ। | | १०० प्रतिशत |
| २० | छाउपडी, कमलरी जस्ता सामाजिक कुप्रथा नरहेको हुनेछ। | | ९५ प्रतिशत |
| २१ | स्थानीय तह /समुदायले १४ वर्षमुनिका असहाय बालबालिका (भएमा) को संरक्षण गर्न विशेष व्यवस्था गरेका हुनेछन्। | | १०० प्रतिशत |

| क्र.स. | सूचक | विद्यमान अवस्था | घोषणा गर्न न्यूनतम अंक |
|---|---|---|---|
| २२ | स्थानीय तहमा सडक बालबालिकाको संख्या शून्य भएको हुनेछ (सडक बालबालिकालाई (भएकोमा) बालगृहमा राखी व्यवस्थापन भएको हुने)। | | १०० प्रतिशत |
| २३ | स्थानीय तहमा रहेका विद्यालयहरुले बालबालिकालाई शारीरिक तथा मानसिक यातना दिने छैनन्। | | १०० प्रतिशत |
| २४ | कूलतमा लागेका बालबालिकाको लागि बाल सुधार गृहमा राख्ने व्यवस्था मिलाएको हुनेछन्। | | १०० प्रतिशत |
| **ग** | बाल विकास | | |
| २५ | ३ देखि ४ वर्ष उमेर पुगेका सबै बालबालिका प्रारम्भिक बालविकास कक्षामा भर्ना भै टिकाउदर सतप्रतिशत रहेको हुनेछ। (फरक क्षमता भएका बालबालिकाको हकमा विशेष व्यवस्था गर्नुपर्ने) | | १०० प्रतिशत |
| २६ | ५ देखि १४ वर्ष उमेर समूहका सतप्रतिशत बालबालिकाले आधारभूत शिक्षा (१ देखि कक्षा ८ सम्म) पुरा गरेका हुनेछन्। | | १०० प्रतिशत |
| २७ | प्रत्येक विद्यालयमा खानेपानीको सुविधा सहित छात्रछात्राको लागि अलग अलग शौचालयको व्यवस्था भै यसको प्रयोग भएको हुनेछ। | | १०० प्रतिशत |
| २८ | सबै विद्यालयका पूर्वाधार (कक्षा कोठा, फर्निचर, खेलमैदान, खानेपानी धारा) बालमैत्री, अपाङ्गतामैत्री र सुरक्षित भएका हुनेछन्। | | १०० प्रतिशत |
| २९ | प्रत्येक विद्यालयमा अतिरिक्त कृयाकलाप सम्बन्धी कार्यक्रम सञ्चालन भएको हुनेछ। | | १०० प्रतिशत |
| ३० | सबै विद्यालयहरुले कुहिने र नकुहिने फोहोर अलग अलग बिर्सजन गर्ने व्यवस्था गरेका हुनेछन्। | | १०० प्रतिशत |

| क्र.स. | सूचक | विद्यमान अवस्था | घोषणा गर्न न्यूनतम अंक |
|---|---|---|---|
| घ | बाल सहभागिता | | |
| ३१ | स्थानीय तहमा समावेशी आधारमा बाल सञ्जाल गठन भई क्रियाशील (न्यूनतम् वार्षिक ३ वटा वैठक, ३ वटा कार्यक्रम सञ्चालन) रहेका हुनेछन्। | | ९५ प्रतिशत |
| ३२ | स्थानीय तहका वस्ती वा टोल र विद्यालयहरुमा समावेशी आधारमा बाल क्लव गठन भै क्रियाशील (न्यूनतम् वार्षिक ३ वटा वैठक, ३ वटा कार्यक्रम सञ्चालन) रहेका हुनेछन्। | | ९५ प्रतिशत |
| ३३ | ५ कक्षा भन्दामाथि अध्ययन अध्यापन हुने विद्यालयका व्यवस्थापन समितिमा बालक्लवको प्रतिनिधित्व रहनेछ। | | १०० प्रतिशत |
| ३४ | स्वास्थ्य व्यवस्थापन समितिमा बाल क्लव/सञ्जालको प्रतिनिधित्व रहनेछ। | | १०० प्रतिशत |
| ३५ | स्थानीय तहमा रहेका बालबालिका सम्बन्धी सरोकारका संरचना/समितिहरुमा १२ देखि १८ वर्षका बालबालिकाको संस्थागत सहभागिता सुनिश्चित गरिएको हुनेछ। | | ९० प्रतिशत |
| ३६ | बालभेलाबाट माग भै आएका योजनाहरु स्थानीय तहको योजनामा समावेश भएका हुनेछन्। | | १०० प्रतिशत |
| ङ | संस्थागत विकास | | |
| ३७ | वडा/गाउँ/नगरपालिका तहमा बालमैत्री स्थानीय शासन समितिहरु गठन भै क्रियाशील रहेका हुनेछन्। | | १०० प्रतिशत |
| ३८ | स्थानीय तहहरुले आफ्नो लागि बालमैत्री आचार संहिता र नीति नियम तर्जुमा गरी कार्यान्वयनमा ल्याएका हुनेछन्। | | १०० प्रतिशत |
| ३९ | गाउँपालिका/नगरपालिकामा कम्तिमा एक बाल उद्यान सहितको बालमैत्री सिकाइ स्रोत केन्द्र सञ्चालनमा रहेको हुनेछ। | | ८० प्रतिशत |

| क्र.स. | सूचक | विद्यमान अवस्था | घोषणा गर्न न्यूनतम अंक |
|---|---|---|---|
| ४० | बालबालिकाको वस्तुगत विवरण (प्रोफाइल) को आधारमा स्थानीय तहको विकास योजना र बालबालिकाको लागि लगानी योजना तर्जुमा भै कार्यान्वयन भएको हुनेछ। | | १०० प्रतिशत |
| ४१ | स्थानीय तहको योजना तर्जुमा पूर्व वार्षिक रुपमा वडा र गाउँ /नगरपालिका तहमा बालभेला आयोजना गरी बालभेलाले प्राथमिकता तोकेका विषयलाई स्थानीय तहको योजना तर्जुमा प्रक्रियामा समावेश गरिएको हुनेछ। | | १०० प्रतिशत |
| ४२ | स्थानीय तहमा बालबालिका सम्बन्धी स्थितिपत्र तयारी तथा प्रकाशन र अद्यावधिक भएको हुनेछ। | | १०० प्रतिशत |
| ४३ | प्रारम्भिक बालविकास केन्द्रहरुले स्थानीय तहले तोकेको न्यूनतम् मापदण्ड पुरा गरेका हुनेछन्। | | १०० प्रतिशत |
| ४४ | विद्यालयले कक्षा ६ देखि १० सम्मका विद्यार्थीहरुको लागि बालमैत्री, वातावरणमैत्री र विपद् व्यवस्थापन सम्बन्धी अतिरिक्त कक्षा सञ्चालन गरेका हुनेछन्। | | १०० प्रतिशत |
| ४५ | आधारभूत शिक्षा पश्चात विद्यालय शिक्षाबाट वञ्चित भएका बालबालिकाहरुले जीवन उपयोगी शिक्षा (व्यवसायिक तथा सीपमूलक तालिम) प्राप्त गरेका हुनेछन्। | | ८० प्रतिशत |
| ४६ | स्थानीय तहमा रहेका प्रहरी (कार्यालय) चौकीहरुमा बालमैत्री कक्ष वा बालमैत्री सम्पर्क एकाइ रहेको हुनेछ। | | १००प्रतिशत |
| ४७ | विद्यार्थी सवार हुने शैक्षिक संस्थाका सवारी साधनहरु स्थानीय तहले तोकेको न्यूनतम् मापदण्ड अनुसार बालमैत्री र अपाङ्गतामैत्री हुनेछन्। | | १००प्रतिशत |
| ४८ | स्थानीय तहको प्रशासकीय कार्यालयमा स्तनपान कक्षको व्यवस्था भएको हुनेछ। | | १००प्रतिशत |

| क्र.स. | सूचक | विद्यमान अवस्था | घोषणा गर्न न्यूनतम अंक |
|---|---|---|---|
| ४९ | बसपार्क, सिनेमा हल, हाटबजार, खेल मैदान जस्ता सार्वजनिक स्थलहरुमा बालमैत्री शौचालय र खानेपानी धाराको व्यवस्था भएको हुनेछ। | | १०० प्रतिशत |
| ५० | स्थानीय तहको विपद् व्यवस्थापन योजनामा विपद्को समयमा बालबालिकाको आवश्यकता सम्बोधन गर्ने प्रावधान समावेश भएको हुनेछ। | | १०० प्रतिशत |
| ५१ | विपद्को समयमा बालबालिका तथा अपाङ्गता भएका व्यक्तिहरुको विशेष सहयोगको लागि संस्थागत व्यवस्था भएको हुनेछ। | | १०० प्रतिशत |